# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ४७ | काठमाडौं | शुक्रबार, २७ जेठ २०७९ | Prabhab National Daily, | Friday, June 10, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


महानगर प्रमुख शाहलाई प्रधानमन्त्रीले भने-

## ‘स्थानीयसँग सहमति गरेर अगाडि बढ्नू’



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री शेरबहादुर देउवाले फोहोर व्यवस्थान गर्ने कार्यमा काठमाडौं महानगरपालिकालाई सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । बिहीबार काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहसँगको भेटवार्तामा उनले स्थानीयसँग सहमति गरेर अघि बढ्न आग्रह गर्दै सरकारले गर्नपर्ने कुरामा पछि नहट्ने प्रतिबद्धता जनाएका हुन् ।

बञ्चरेडाँडाका स्थानीयवासीको असन्तुष्टिले फोहोर व्यवस्थापन जटिल बन्दै गएपछि प्रधानमन्त्री देउवाले यस विषयमा छलफल गर्न महानगरप्रमुख शाहलाई बालुवाटार बोलाएका थिए । छलफलमा उनले फोहोर व्यवस्थापनको दीर्घकालीन उपाय खोज्न महानगर प्रमुख शाहलाई आग्रह गर्दै यसमा आफूले पूर्णरूपमा सहयोग गर्ने वचन दिएका हुन् ।

हालै सम्पन्न स्थानीय तह निर्वाचनबाट काठमाडौं महानगरको प्रमुखमा निर्वाचित भएपछि शाहले फोहोर व्यवस्थापनलाई पहिलो प्राथमिकता दिएर काम गरिरहेका छन् । तर, नुवाकोट र धादिङमा पर्ने बञ्चरेडाँडास्थित ‘ल्याण्डफिल्ड साइट’मा फोहोर फाल्न स्थानीयले अवरोध गरेपछि उपत्यकाको फोहोर व्यवस्थापनमा समस्या भइरहेको छ ।

गत सोमबार सहरी विकास मन्त्रालय, उपत्यकाका स्थानीय तहका जनप्रतिनिधि र बञ्चरेडाँडा क्षेत्र पर्ने धादिङको धुनीवेशी नगरपालिका र नुवाकोटको ककनी गाउँपालिकाका प्रतिनिधिबीच सहमति भएको थियो । तर, उक्त सहमतिले आफूहरूको माग सम्बोधन नगर्ने भन्दै स्थानीयवासिन्दाले विरोध जारी राखेका छन् ।

मंगलबार उपत्यकाबाट फोहोर लिएर गएका ट्रकमा स्थानीयले अवरोध गरेपछि प्रहरी लगाएर फोहोर फालिएको थियो । तर, बुधबार फेरि स्थानीयले फोहोर लिएर गएका गाडीमा ढुंगामुढा गरेपछि प्रहरीसँग झडप भएको थियो । त्यस क्रममा (बाँकी पृष्ठ ३ मा)

कांग्रेसको प्रतिवेदन

# ‘गठबन्धन प्रभावकारी भएन’



### यी हुन् उपसमितिले दिएका सुझाव:

- अन्य दलसँग सहकार्य गर्दा नेपाली कांग्रेसले पार्टीको स्पष्ट राजनीतिक र चुनावी एजेण्डा आफ्ना कार्यकर्तामार्फत नागरिकसमक्ष पुऱ्याउने ।
- लोकतन्त्रलाई संस्थागत गर्नको लागि पार्टीको स्पष्ट धारणा निर्माण गर्ने र राजनीतिक सहकार्यको औचित्यता पार्टी पंक्तिलाई बुझाउनुपर्ने ।
- टिकट दिँदा सकेसम्म स्वच्छ छवि, ऊर्जाशीलता, घोषणापत्र स्थानीयकरण गर्नसक्ने क्षमता भएका, लोकप्रियता, निरन्तरताजस्ता विशेषताहरूलाई मानक मानी आन्तरिक सर्वेक्षणको आधारमा उमेदवार बनाइनुपर्ने ।
- टिकट वितरण विधानले निर्दिष्ट गरेको समयमा हुनुपर्ने ।
- घोषणापत्र निर्माण गर्दा निर्वाचन प्रचारका लागि मतदाता आर्कषित गर्न ‘कांग्रेसलाई नै भोट किन ?’ भन्ने प्रश्नको सटिक, आकर्षक र बुझिने खालको नारा वा स्लोगन सरलरूपमा जनजिब्रोमा आउने गरी बनाउनुपर्ने ।
- स्थानीय तहमा मतदाता आकर्षित गर्न स्थनीयस्तरकै विकास निर्माणका योजनाहरूको प्रभावकारी ढंगले मतदातासमक्ष अन्तरसंवाद गर्न सक्ने गरी उमेदवारलाई प्रशिक्षण गर्ने ।
- समयक्रममा फेरिइरहने मतदाताको मनोविज्ञान बुझ्ने, नयाँ मतदातालाई आकर्षित गर्ने र उनीहरू लक्षित कार्यक्रम बनाउने विषयलाई प्राथमिकतामा राख्ने ।
- पार्टीका एजेण्डालाई समुदायस्तरमा मतदातासम्म पुऱ्याउने शैली परिवर्तन गर्नुपर्ने ।
- १८ वर्ष उमेर पुगेका कांग्रेसका सम्भावित मतदातालाई नामावलीमा समावेश गर्न पालिका, वडा तथा टोल एकाइ समितिलाई सक्रिय पार्नपर्ने ।
- भ्रातृसंस्था तथा शुभेच्छुक संस्थाको प्रभावकारी परिचालन गर्नपर्ने ।
- निर्वाचनमा वित्तीय अनुशासनको लागि कानुनी व्यवस्था गर्न अन्य दलहरू र निर्वाचन आयोगसँग समन्वय गरी अघि बढ्ने ।
- कांग्रेस नेतृत्वका स्थानीय सरकारहरू जनमुखी, विकासमैत्री र सेवादायी भएको सन्देश दिएर भिन्न देखिनुपर्ने ।
- पार्टीमा नियमित अनुसन्धान, अनुगमन तथा मूल्यांकन कार्यहरूको लागि अनुगमन तथा मूल्यांकन विभागले नियमित काम लगाउने गरी स्थायीरूपमा काम गर्ने एकाइ स्थापना गर्नपर्ने ।

■ प्रभाव संवाददाता

- एमालेभन्दा एक लाख ७५ हजार बढी मत ल्याएको दाबी
- ३२९ पालिका प्रमुख र ३०० पालिकामा उपप्रमुख विजयी
- दुई हजार ६६५ वडाध्यक्ष विजयी
- १० जिल्लाको चुनावी परिणाम निराशाजनक

**काठमाडौं–** नेपाली कांग्रेसले स्थानीय तह निर्वाचन २०७९ को मतपरिणामका विषयमा अध्ययन गर्न गठन गरेको उपसमितिले आफ्नो प्रतिवेदन बुझाएको छ । अनुगमन, मूल्यांकन तथा सुपरीवेक्षण उपसमितिले स्थानीय तह निर्वाचन-२०७९ र त्यसको परिणामबारे गरेको अध्ययन प्रतिवेदन बिहीबार निर्वाचन परिचालन समितिलाई बुझाएको हो ।

उपसमितिका संयोजक केन्द्रीय सदस्य प्रदीप पौडेलले उपसभापति एवं निर्वाचन परिचालन समितिका संयोजक पूर्णबहादुर खड्कालाई प्रतिवेदन हस्तान्तरण गरे । खड्काले उक्त प्रतिवेदन पार्टी सभापति शेरबहादुर देउवालाई बुझाउने छन् । सभापतिलाई पेस गरेपछि प्रतिवेदनमाथि थप छलफलको निर्णय हुने जानकारी दिइएको छ ।

प्रतिवेदनमा कांग्रेसले गत वैशाख ३० मा भएको स्थानीय निर्वाचनमा प्रमुख प्रतिपक्ष नेकपा एमालेलेभन्दा एक लाख ७५ हजार ७६ मत बढी ल्याउँदै पहिलो पार्टी बनेको दाबी गरेको छ । निर्वाचन भएका ७५२ पालिकामध्ये (बाजुराको बूढीगंगा नगरपालिकामा चुनाव हुन बाँकी छ) ३२९ पालिका प्रमुख जितेको उल्लेख गरेको छ । कांग्रेसले ४४ प्रतिशत पालिकामा प्रमुख जितेको बताएको छ । प्रतिवेदनमा १४१ पालिकामा प्रमुख र १८८ पालिकामा अध्यक्ष जितेको उल्लेख गरिएको छ । यस्तै, उपप्रमुखतर्फ ३०० सिट जितेको प्रतिवेदनमा उल्लेख छ । एक हजार ५०४ कार्यकारी पदमध्ये ६२९ सिट जितेको कांग्रेसको प्रतिवेदनमा छ ।

अहिलेसम्म चुनाव भएका सात हजार ६३३ वडामध्ये दुई हजार ६६५ वडाध्यक्ष, दुई हजार ६०६ महिला सदस्य, दुई हजार ५५१ दलित महिला सदस्य र पाँच हजार ३०७ खुल्ला सदस्य जितेको कतांग्रेसको प्रतिवेदनमा उल्लेख छ । कांग्रेसले स्थानीय चुनावमा वडाध्यक्षले ल्याएका मतलाई आधार मानेर एमालेभन्दा बढी मत ल्याएको दाबी गरेको छ । कांग्रेसले ३८ लाख ८३ हजार १३८ मत ल्याएको उल्लेख गरेको छ । जुन नेकपा एमालेका वडाध्यक्षहरूले पाएको मतभन्दा एक लाख ७५ हजार ७६ मत बढी हुन आउने प्रतिवेदनमा उल्लेख छ ।

सातवटै प्रदेशमा अरू दलभन्दा कांग्रेस अगाडि रहेको, बागमती र कर्णाली प्रदेशमा एमालेभन्दा दोब्बर संख्यामा प्रतिनिधि जितेको कांग्रेसको दाबी छ । २०७४ मा कांग्रेसले स्थानीय तह चुनावमा २६६ पालिका प्रमुख जितेको थियो ।

**“गठबन्धन प्रभावकारी भएन”**

यसपटकको स्थानीय चुनावमा भएको पाँचदलीय गठबन्धनमा सबैभन्दा बढी फाइदा कांग्रेसलाई भएको अन्य दलले बताउँदै आएका छन् । तर, कांग्रेसले भने सत्तारुढ गठबन्धन प्रभावकारी हुन नसकेको निश्कर्ष निकालेको छ । गठबन्धन प्रभावकारी नहुँदा र पार्टीभित्रको अन्तर्घातले १२० सिट कम आएको कांग्रेसको प्रतिवेदनमा उल्लेख (बाँकी पृष्ठ ५ मा)

सन्दर्भ : वैदेशिक रोजगार

संसद्मा सांसद लिम्बूको प्रश्न–

# श्रमिकसँग लिने शुल्कमा विभेद किन ?

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभासदस्य लालप्रसाद (एलपी) साँवा लिम्बूले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकसँग सरकार र म्यानपावर व्यवसायीले लिने शुल्कमा विभेद भएको बताएका छन् । आगामी आर्थिक वर्ष २०७९/८० को बजेटमाथिको मन्त्रालयगत छलफलमा भाग लिँदै सांसद लिम्बूले श्रमिकसँग सरकारले लिने शुल्क र निजी क्षेत्र(व्यवसायी)ले लिने शुल्कमा ठूलो अन्तर रहेको भन्दै यसले विभेद सिर्जना भएको बताएका हुन् ।

उनले नेपाली श्रमिकलाई विदेश पठाउँदा सरकारले एक लाख रूपैयाँको हाराहारी शुल्क लिइरहेको उल्लेख गर्दैव्यवसायीलाई १० हजार रूपैयाँमात्रै शुल्क लिन पाउने व्यवस्था गर्नु आफैंमा ठूलो विभेद भएको टिप्पणी गरे । सांसद लिम्बूले प्रश्न गरे, ‘व्यवसायीले १० हाजारमा कामदार पठाउनुपर्ने, अनि सरकारले एक लाख लिने, यो कत्तिको जायज हो ?’ उनले श्रममन्त्री कृष्णकुमार श्रेष्ठलाई इंगित गर्दै यस्तो नियम तत्काल सच्याउन संसद्बाटै माग गरे ।

वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्षसमेत रहेका सांसद लिम्बूले राज्यले निजी क्षेत्रलाई विभेदरहित वातावरणमाव्यवसाय सञ्चालन गर्न पाउने व्यवस्था निर्माण गर्नुपर्ने बताए । उनले राज्यको नीतिअनुसार व्यवसायीले मर्यादित, सम्मानित र पेसाप्रति जवाफदेही हुनुपर्छ भनेरै पटक-पटक धरौटी वृद्धि गरी छ करोड रूपैयाँ बनाइएकोउल्लेख गरे ।

सांसद लिम्बूले व्यवसायीले वर्षमा १०० जना श्रमिक रोजगारीका लागि विदेश पठाउनैपर्ने बाध्यकारी नियमका कारण थुप्रै व्यवसायीको इजाजतपत्र रद्द हुने अवस्था



आएकोप्रति सरकारकोध्यानाकर्षण गराए । कोभिड-१९ का कारण सिर्जित समस्याले वैदेशिक रोजगार व्यवसायको क्षेत्रलाई तहसनहस बनाएको र त्यसबाट बल्ल तंग्रिँदै गरेको अवस्थामा सय जना कामदार पठाउन नसक्दा इजाजतपत्र रद्द हुने अवस्था आएका कारण व्यवसायी आतंकित हुनुपरेको उनको भनाइ छ ।

त्यस्तै सांसद डिला संग्रौलाले शिक्षालाई रोजगारीसँग जोड्न माग गरिन् । संग्रौलाले हरेक दिन झण्डै एक हजार ५०० युवा रोजगारीको खोजीमा विदेश गइरहँदा राज्यले प्रत्येक नागरिकलाई १० जोड २ तहसम्मको शिक्षा दिनुपर्ने र त्यस्तो शिक्षा सस्तो, सुलभ र रोजगारीसँग जोडिएको हुनुपर्ने बताइन् । प्रतिनिधिसभाको बैठकमा शिक्षा मन्त्रालयका लागि विनियोजित बजेटबारे छलफलमा भाग लिँदै संग्रौलाले स्नातक तहको शिक्षा रोजगारीमूलक हुनुपर्नेमा जोड दिइन् ।

अर्का सांसद गिरिराजमणि पोखरेलले विदेशबाट फर्किएका श्रमिकहरूको सीपको तथ्यांक लिएर उद्यमशीलता प्रवर्द्धनमा लगाउनुपर्ने बताए । पोखरेलले मुलुकको आर्थिक वृद्धिका लागि वैदेशिक रोगजारीबाट सीप बोकेर आएकाहरूको तथ्यांक लिन जरुरी रहेको भन्दै उनीहरूको सीपलाई उद्यमशीलता प्रवर्द्धनमा लगाउनुपर्ने धारणा राखे । प्रतिनिधिसभाको बैठकमा विनियोजन विधेयक, २०७९ अन्तर्गत मन्त्रालयका विविध शीर्षकमाथिको छलफलमा भाग लिँदै उनले विदेशबाट सिप सिकेर आएका श्रमिकहरूलाई पूँजी तालिम, उत्प्रेरणा र बजारसम्बन्धी ज्ञान दिएर उद्यमशीलता प्रवर्द्धनमा लगाउन सकियो भने अर्थतन्त्रलाई बहुआयामिक बनाउन भूमिका खेल्ने बताए ।

## क्रोएसिया पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** युरोपेली मुलुक क्रोएसिया पठाइदिने भन्दै दुई लाख रूपैयाँठगी गरेको आरोपमा एक युवालाई प्रहरीले पक्राउ गरेको छ। मोरङको विराटनगर महानगरपालिका-२० स्थायी घर भएका ३६ वर्षीय उत्सव दाहाललाई काठमाडौंको बलाजुबाट बिहीबार प्रहरीले पक्राउ हो ।

उनी काठमाडौं महानगरपालिका-१० बस्दै आएको प्रहरीले जनाएको छ । दाहाललाई अजय वाइवासँग वैदेशिक रोजगारीका लागि क्रोएसिया पठाइदिने भन्दै दुई लाख रूपैयाँ लिएको अभियोग लागेको छ । आफूसँग पैसा लिएर सम्पर्कविहीन भएपछि वाइवाले दाहालले ठगी गरेको भन्दै प्रहरीमा उजुरी दिएका थिए ।

वाइवाको उजुरीको आधारमा फरार रहेका दाहाललाई पक्राउ गरी वैदेशिक रोजगार विभागमा बुझाइएको महानगरीय अपराध अनुसन्धान विभागले जनाएको छ । दाहालले वाइवामात्रै नभएर अन्य व्यक्तिसँग पनि विदेश पठाइदिने भन्दै ठगी गरेको हुनसक्ने प्रहरीले आशंका गरेको छ । वैदेशिक रोजगार विभागको समन्वयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



## सूचना ! सूचना !! सूचना !!!

आदरणीय वैदेशिक रोजगार व्यवसायीज्यूहरू,

वैदेशिक रोजगारीका लागि मलेसिया जाने कामदारहरूको स्वास्थ्य परीक्षण सम्बन्धमा सार्वजनिक भएका विषयहरूमा यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ । LOT NO प्राप्त हुन अगाडि गरिएका स्वास्थ्य परीक्षण र त्यसबापत कामदारले व्यर्होनुपरेको आर्थिक क्षतिको विवरण संकलन गर्नु परेकाले यहाँको एजेन्सीमार्फत गरिएको तर स्वास्थ्य परीक्षण अनलाइन नगरेका कारण Expired भएकाहरूको विवरण एशोसिएसनको इमेलः ndfeefforum@gmail.com र Whatsapp नम्बर ९७४५९४५८१८ मा उपलब्ध गराई सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

कुमुद खनाल
अध्यक्ष

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन



भक्तपुरको ऐतिहासिक दत्तात्रय मन्दिर अगाडिको घरको ऐतिहासिक एवं कलात्मक झ्यालबाट बाहिरको गतिविधि हेर्दै स्थानीयवासी ।

*तस्बिरः रत्न श्रेष्ठ/रासस*

# अपांगतासम्बन्धी समावेशी नीति परिमार्जन गर्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय अपांग महासंघ नेपालले 'अपांगता भएका व्यक्तिको हकमा समावेशी नीति, २०७३' लाई परिमार्जन गर्नुपर्ने माग गर्दै सरकारलाई ज्ञापनपत्र बुझाएको छ ।

महासंघले यहाँ बिहीबार आयोजना गरेको 'अपांगता भएका व्यक्तिको समावेशी शिक्षा' विषयक अन्तर्क्रियामा महासंघले राष्ट्रिय शिक्षा नीति, २०७६ ले अपांगता समावेशी नीति, २०७३ को प्रतिनिधित्व गर्न नसकेको जनाउँदै समावेशी शिक्षा नीति, २०७३ पुनः जारी गर्नुपर्ने मागसहित शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलसमक्ष ज्ञापनपत्र बुझाएको हो ।

महासंघले विद्यालयबाहिर रहेका अपांगता भएका बालबालिकालाई विद्यालयसम्म ल्याउनका लागि स्थानीय पालिकालाई जिम्मेवार बनाउनुपर्ने र विभिन्न कारणले विद्यालयमा आउन नसक्ने अवस्थामा रहेका अपांगता भएका बालबालिकालाई विद्यालयसम्म पुऱ्याउने कार्यक्रमको व्यवस्था गर्नुपर्नेमा जोड दिएको छ ।

सोही अवसरमा शिक्षामन्त्री पौडेलले अपांगता भएका व्यक्तिलाई सरकारले क्षमताअनुसार रोजगारीको व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गर्दै महासंघले प्रस्तुत गरेको जायज मागलाई क्रमबद्धरूपमा समाधान गर्ने बताए । महासंघका अध्यक्ष मित्रलाल शर्माले अपांगता भएका व्यक्तिको व्यावसायिक र गुणस्तरीय उच्च शिक्षामा समान पहुँच स्थापित गर्न आवश्यक कानुनी र प्रणालीगत व्यवस्था गरी अपांगमैत्री शिक्षण सिकाइको वातावरण तयार गर्न मन्त्री पौडेललाई अनुरोध गरे ।

महासंघका महासचिव राजु बस्नेतले सातै प्रदेशमा निर्माणाधीन बौद्धिक अपांगता भएका बालबालिकाका लागि सुविधासम्पन्न नमूना विद्यालय पहुँचयुक्त ढाँचामा बनाउन सरोकारवालासँग पनि परामर्श गर्नुपर्ने बताए । ज्ञापनपत्रमा भनिएको छ, 'सरकारले शिक्षामा गरेको लगानीअनुसारको प्रतिफल किन प्राप्त भएको छैन भन्ने विषयमा अपांगता भएका व्यक्तिसहितको अनुगमन एवं मूल्यांकन गर्नुपर्ने छ ।' विद्यालय भर्नादर ९६ प्रतिशत भइसक्दा पनि अधिकांश विद्यालय जाने उमेरका अपांगता भएका बालबालिका विद्यालयबाहिर रहेको महासंघको भनाइ थियो ।

अध्यक्ष शर्माले भने, ' बौद्धिक अपांगता अटिजम भएका बालबालिकाका लागि लचिलो शिक्षा प्रणालीको विकास हुनसकेको छैन भने विद्यमान सिकाइ अनुगमन तथा मूल्यांकन र परीक्षा प्रणाली अपांगतामैत्री छैनन् ।'


## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०२/२५ गते निम्न विवरणको 200 NS FI ABS, Grey रङ्को Bajaj Pulsar 2021 Model को मोटरसाइकल कुलेश्वर, गौरीशंकर मार्गमा पार्किङ गरि राखिएको अवस्थामा साझको ७:३० बजेतिर चोरी भएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : सविन तिवारी**
**ठेगाना : मण्डनदेउपुर- न.पा.९, काभ्रेपलान्चोक**
**बाइक नं. : बा.प्र ०२-०३४ प.८२२०**
**च्यासिस नं.**:MD2A36FX7MCH95925
**इन्जिन नं.** : JLXCMH92582
**मो. : ९८४९०९५८३३**


## विद्यालयमा पाठ्यपुस्तक अभाव

# सबै पुस्तक छाप्न अझै १५ दिन लाग्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँ शैक्षिकसत्र लागेदेखि हालसम्म पनि पाठचयपुस्तक अभावका गुनासो अन्त्य भएको छैन । नेपाल सरकारको जिम्मेवार निकाय भने कुन जिल्लाका कुन विद्यालयमा कति पाठचपुस्तक अपुग भएको भन्ने सूचना मागिरहेको छ ।

विद्यालय तहका पाठ्यपुस्तक निःशुल्क उपलब्ध हुने व्यवस्थाबमोजिम कक्षा १ देखि ३ सम्म निजी क्षेत्रका मुद्रण व्यवसायी र कक्षा ४ देखि १० सम्म सरकारी स्वामित्वको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले उत्पादन र वितरणको जिम्मेवारी पाएका छन् ।

निजी क्षेत्रले माथिल्लो तहका पाठ्यपुस्तक पनि छपाइ गरिरहेका छन् । विद्यार्थीले समयमा पाठ्यपुस्तक नपाएको विषय संघीय संसद् र सञ्चारमाध्यममा दैनिकजसो उठिरहेका बेला शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र जनक शिक्षा सामग्री केन्द्र भने आफूले छाप्न बाँकी रहेकाबाहेक छापिइसकेका पुस्तक पनि सम्बन्धित विद्यालयमा नपुगेको जनाइरहेका छन् ।

मन्त्रालयका सचिव एवं केन्द्रको सञ्चालक समितिका यादवप्रसाद कोइरालाले बिहीबार केन्द्रका अधिकारीलाई अपुग भएका क्षेत्रबाट तथ्यांक लिएर छिटोछरितोरूपमा बिक्रीवितरण गर्न निर्देशन दिएका छन् । चालु शैक्षिक सत्रका लागि कक्षा ४ देखि १० सम्म कूल एक करोड ९८ लाख थान पाठ्यपुस्तक छपाइको लक्ष्य लिइएकामा बिहीबारसम्म एक करोड ८० लाख थान (करिब ९० प्रतिशत) उत्पादन भइसकेको केन्द्रको भनाइ छ । छपाइ भइसकेकामध्ये कतिपय पुस्तक ढुवानीका क्रममा रहेको र विद्यालयमा पुग्न बाँकी रहेकाले नपुग भएको गुनासो आएको केन्द्रका प्रवक्ता चित्र आचार्यले बताए ।

दैनिक एक लाख पाठ्यपुस्तक उत्पादन गर्दै आएको केन्द्रबाट बिहीबार मात्रै सुर्खेत र चितवनका लागि पाठ्यपुस्तक ढुवानी भएको छ । आचार्यले अबको १५ दिन (असार १० गतेभित्र) बाँकी सबै (करिब १५ लाख थान) पुस्तक छपाइ सम्पन्न गरिने जनाउँदै बजारमा समानुपातिक वितरण नहुँदा यो समस्या आएको बताए । हाल कक्षा ६ र ८ का सामाजिक, अंग्रेजी र नेपाली विषयका पुस्तक बढी अभाव देखिएको छ । ती पुस्तक निजी क्षेत्रले पनि उत्पादन गरेकाले केन्द्र र निजी क्षेत्रबीचको समन्वय नहुँदा कहाँ कति विद्यार्थीका लागि कसले कति उत्पादन र वितरण गर्ने भन्ने तथ्यांकको अभाव पनि देखिएको छ ।

कक्षा ५, ८ र १० का पाठ्यपुस्तक आगामी शैक्षिक सत्रमा परिवर्तन (कोर्स आउट) हुने भएकाले पनि केन्द्रले भण्डारमा नरहने गरी यस वर्षका लागि आवश्यक संख्यामा मात्रै उत्पादन गरिरहेको छ । यस्तै पाठ्यक्रम विकास केन्द्रबाट कक्षा ४, ७ र ९ का अनुदित (अंग्रेजी माध्यम)का पाठ्यपुस्तकको मुद्रणीयप्रति (सिआरसी) प्राप्त नभएकाले पनि माग भए पनि आफूहरूले अनुदित पुस्तक दिन नसकिएको केन्द्रको भनाइ छ । सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पनि पढाइ हुन थालेको र कति विद्यालयमा अनुदित पुस्तक चाहिने भन्ने तथ्यांक पनि सरकारी नियकासँग उपलब्ध छैन । कतिपय सन्दर्भमा स्थानीय बिक्रेताले केन्द्रका प्रादेशिक कार्यालयबाट समयमा नलैजाने, बिक्रेतासँग उपलब्ध हुँदाहुँदै पनि विद्यालयले समयमा खरिद नगर्नेजस्ता कारणले विगतमा पनि विद्यार्थीले समयमा पाठ्यपुस्तक नपाएको देखिन्छ ।

केन्द्रले सार्वजनिक सूचना जारी गरी स्थानीय बिक्रेताकोमा पाठ्यपुस्तक उपलब्ध नभए कक्षा र विषय खुलाइ स्थानीय बिक्रेतामार्फत केन्द्रका प्रादेशिक कार्यालयका साथै सम्बन्धित तह, शिक्षा विकास तथा समन्वय एकाइ र जनक शिक्षाको केन्द्रीय कार्यालय सानोठिमीमा जानकारी गराउन आग्रह गरेको छ ।


केन्द्रले स्थानीय बिक्रेतामार्फत ७७ वटै जिल्लामा कक्षा ४ देखि १० सम्मका पाठ्यपुस्तक ढुवानी गरी यही जेठ ५ गतेदेखि बिक्री वितरण गर्दै आएको छ । पाठ्यपुस्तक छपाइ र वितरणमा निजी क्षेत्रबाट संलग्न मुद्रण व्यावसायी दीपक भण्डारीले आफूहरूलाई प्राप्त भएको अभावको सूचनाका आधारमा प्रदेशगतरूपमा पनि समन्वय गरी उपलब्ध गराउने गरिएको बताए ।


## रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पत्तिको लिलाम बिक्रिका लागि ७ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०७९/०२/२७

यस वित्तीय संस्थाबाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाव फरफारक नगरेकोले यो सुचना प्रकाशीत गरीएको छ । यो सुचना प्रकाशित गरेको मितिले ७ दिन भित्र कर्जा हिसाव फरफारक गर्न गराउन ऋणी, धितो दिने र ब्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ । उक्त म्याद भित्र पनी कर्जा हिसाव राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा वापत राखेको धितो जायजेथा लिलाम विकी गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आबश्यक कानूनी कार्यवाही अगाडी बढाइने ब्यहोरा समेत सुचित गरिन्छ । साथै ऋणी ब्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । ऋणीले सो म्यादमा कर्जा हिसाव राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा ८औं दिनमा लिलाम विकी गरिने हुनाले यो सूचना प्रकाशित भएको ७ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्बसाधारणमा आव्हान गर्दछौं । सो जेथा लिलाम विकी नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ ।

**तपसिल**

| ऋणीको विवरण | धितोको विवरण | ब्यक्तिगत धन जमानी दिनेको विवरण/फोटो | |
|---|---|---|---|
| **नामः नारायण भण्डारी**<br>ठेगानाः बलेफी-०२, सिन्धुपाल्चोक<br>बुवाः तिलक बहादुर भण्डारी<br>बाजेः गुञ्जमान भण्डारी<br>कर्जा शिर्षकः ब्यक्तिगत कर्जा<br> | नारायण भण्डारी को नाममा दर्ता रहेको सिन्धुपाल्चोक जिल्ला फुल्पिङकोट वडा नं. ०४, स्थित कित्ता नं. ११२७ र ११३० को क्रमशः क्षेत्रफल ०-७-२-२ र ०-७-२-२ को घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात । | <br>**वलराम अधिकारी**<br>ठेगानाः खिम्ती-०४ रामेछाप<br>बुवाः राम प्रसाद अधिकारी<br>बाजेः मुक्तिनाथ अधिकारी | <br>**खड्गकुमारी भण्डारी**<br>ठेगानाः बलेफी-०२, सिन्धुपाल्चोक<br>बुवाः इन्द्रबहादुर खत्री<br>श्रीमान्ः तिलक बहादुर भण्डारी |

**शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरुः** १. शिलवन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको प्रधान कार्यालय प्रदर्शनीमार्ग पुतलीसडक काठमाण्डौंमा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ । २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङक तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ । आफुले कवोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं ०२०००१००१७८१२४००००३ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ । ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ । ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन । बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन । ५. बोलपत्रमा कबुल अंकमा सो जेथा विकी गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ । ६. कबुल अंकमा सो जेथा विकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ । ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ । बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ । ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले ब्यहोर्नु पर्नेछ । ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

**Head Office:** B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: +977-1-4223117, 4261104, 4261041, 4261167
**Branch Office:** Mahendrapool, Pokhara. Tel: 061 573581, 580983
Email: info@reliancenepal.com.np, Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

जेठ २७ गते शुक्रबार (तिथिः एकादशी, नक्षत्रः चित्रा, शुक्लपक्ष)

| | |
|---|---|
| **मेष** | आजको दिन सापट दिनु राम्रो हुँदैन । |
| **वृष** | स्वास्थ्य राम्रो रहनेछ । |
| **मिथुन** | अरूमाथि भरोसा नगर्नुहोला । |
| **कर्कट** | पैतृक सम्पत्ति प्राप्तिको योग छ । |
| **सिंह** | कार्यमा सफलता प्राप्त हुनेछ । |
| **कन्या** | धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| **तुला** | लगानी बढ्दै जानेछ । |
| **वृश्चिक** | विरोधी सक्रिय रहनेछ । |
| **धनु** | सुखी एवं प्रतिष्ठित हुने योग छ । |
| **मकर** | पारिवारिक जीवन सुखी रहनेछ । |
| **कुम्भ** | अशान्ति बढ्ने योग छ । |
| **मीन** | यात्रा सफल र सुखद् रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ २७ गते, २०७९, १० जुन २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



राजधानी काठमाडौंको पुतलीसडकमा सडकपेटीसम्म थुप्रिएको फोहोर । पैदलयात्रु सडकपेटीमा थुपारिएका फोहोर कुल्चेर हिँड्न बाध्य छन् । राजधानीमा लामो समयदेखि फोहोर नउठ्दा जतातत्तै फोहोरको थुप्रो लागेको छ । *तस्बिरः रासस*

# वैकल्पिक चिकित्सालाई एकीकृतरूपमा लैजाने तयारी

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेलले वैकल्पिक चिकित्सालाई एकीकृतरूपमा लैजाने तयारी भइरहेको जानकारी दिएका छन् । बिहीबार राजधानीमा आयोजित 'वैकल्पिक चिकित्सा अवसर र चुनौती' विषयक अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले उक्त जानकारी दिएका हुन् ।

वैकल्पिक चिकित्साको महत्त्व धेरै रहेको उल्लेख गर्दै उनले यसलाई सरकारले उपेक्षा नगरेको बताए । 'वैकल्पिक चिकित्सालाई मन्त्रालयले एकीकृतरूपमा लैजाने तयारी गरेको छ,' उनले भने, 'यसलाई प्रभावकारी बनाउन राज्यले लगानी गरेको छ ।'

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा.डा. श्रीकृष्ण गिरीले वैकल्पिक भनिएका चिकत्सा पद्दति नेपालका मौलिक र पुराना पद्दति भए पनि अध्ययन,



अनुसन्धान नहुँदा पछि परेको बताए । आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा. वासुदेव उपाध्यायले वैकल्पिक चिकित्सालाई नीतिगतरूपमा कसरी अघि बढाउने भन्ने कुरामा जोड दिनुपर्ने बताए ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का कार्यकारी प्रमुख डा. प्रदीप ज्ञवालीले वैकल्पिक चिकित्साको अध्ययन, अनुसन्धान परिषद्ले गरिरहेको बताए । नीति योजना तथा अनुगमन महाशाखाका प्रमुख डा. कृष्णप्रसाद पौडेलले वैकल्पिक चिकित्सा विकासका लागि सरकारले सात वर्षे रणनीति बनाइरहेको जानकारी दिए ।

स्वास्थ्य व्यवसायी परिषद्का रजिस्ट्रार पुष्पराज खनालले परिषद्मा वैकल्पिक चिकित्सालाई दर्ता गर्नका लागि कुनै समस्या नभएको बताए । आयुर्वेदिक चिकित्सालय नरदेवीका निर्देशक डा. प्रदीप केसीले वैकल्पिक चिकित्सालाई प्राथमिकता राखेर अगाडि बढ्न सके मुलुकको धेरै पैसा जोगिने बताए ।

# वर्षा सुरु भएपछि मनाङवासीमा त्रास

**मनाङ–** नेपालभर मनसुन फैलिने क्रममा छ । मनसुन फैलने क्रमसँगै वर्षाको सुरुआत भइसकेको छ । वर्षा सुरु भएसँगै हिमाली जिल्ला मनाङवासीको त्रास बढेको छ । गत वर्षको ३१ जेठ र असारको पहिलो साता मर्स्याङ्दी नदीमा आएको बाढीबाट प्रभावित मनाङवासीमा त्रास बढेको हो ।

गत वर्षको बाढीका कारण घरबारविहीन भएका मनाङ नासों गाउँपालिकाको सिरानताल र तालगाउँका विस्थापित अझै टेन्ट र टहरामै बस्न बाध्य छन् । वर्षाको सुरुआत भएपछि उनीहरूमा यस वर्ष पनि त्रास बढेको छ । हिउँदको चिसो कठ्याँग्रिदै कटाएका बाढी प्रभावितका लागि सुरक्षित आवाससहित बस्ती स्थानान्तरणको पर्खाइमा छन् । बाढीका कारण विस्थापित तालगाउँ र सिरानतालका स्थानीयवासी सुरक्षित ठाउँमा घर कहिले बनाउन पाइएला भन्ने आसमा छन् ।

वर्षा सुरु भइसकेकाले मनाङवासी तथा विशेषगरी तालगाउँवासीमा त्रास बढेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताए । सुरक्षित आवास अभावमा उनीहरूले भत्किएका संरचनामा बाढीले ल्याएको गिट्टी, बालुवा, ढुंगा हटाएर टिनको टहरा निर्माण गरी बसेको आचार्यले बताए । उनका अनुसार गत मंसिरमा गण्डकी प्रदेश सरकारले दिएको दुई लाख र नासों गाउँपालिकाले दिएको एक लाखले अस्थायी टहरा बनाएर बसेका छन् ।

बाढीपीडितका लागि वर्षायामअगावै स्थानान्तरण वा सुरक्षित बासको व्यवस्था गर्ने योजना तयारी गर्न नसकिएको प्रजिअ आचार्यले बताए । तीन तहको सरकारसँग आग्रहपश्चात यहाँका स्थानीयवासी सुरक्षित हुने अवस्थामा पुगेको उनले बताए । गत वर्ष मर्स्याङ्दी नदीको बाढीले तालगाउँ र सिरानतालको बस्ती तहसनहस पारेको थियो ।

जोखिमयुक्त बस्ती सार्नुपर्ने विज्ञको सुझावपछि सुरक्षित बासस्थानको खोजीमा भौतारिएका स्थानीयवासीलाई हिउँदभित्रै घर बनाउने भनिए पनि वर्षा सुरु हुँदासम्म पनि टहराबाट सार्न नसकिएको उनी बताउँछन् । वर्षा लागिसक्दा पनि सुरक्षित बासको अझै ठेगान नहुँदा पुर्ख्यौली थातथलो नै छाड्नुपर्ने हो कि भन्ने चिन्ताले बाढीपीडित रातमा निदाउन नसकेको बताउँछन् ।

सुरक्षित स्थानको पहिचान नहुँदा उनीहरूले व्यक्तिगत तवरमा घर बनाउन समेत पाएका छैनन् । जग्गा अभावका कारण बाढी प्रभावितको सुरक्षित आवास निर्माण प्रक्रिया अघि बढ्न नसकेको हो । सिरानतालको सात र तालगाउँको ४३ घरधुरी अन्य सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था रहेको प्रजिअ आचार्यले बताए ।

तालगाउँका बाढी प्रभावित मीनकासी गुरुङले टिनको टहरा बनाउन लामो समय कुर्नुपरेको बताए । 'ढिलै भए पनि वर्षायाममा ओत लाग्ने ठाउँ बनेको छ । सरकार रहेको आभास भएको छ' उनले भने, 'अझै त्रास कम भने भएको छैन । यस वर्ष पनि नदीमा बाढी नआउँला भन्न सकिँदैन । यसको त्रास भने हामीलाई छ ।' नदी किनारमा रहेको तालगाउँ बाढीको उच्च जोखिमको क्षेत्र मानिन्छ । सिरानताल क्षेत्रको भौगर्भिक अध्ययनको तयारी थालेको जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ । भौगर्भिक अध्ययनको नतिजापश्चात यस क्षेत्रको संरक्षणका लागि थप व्यवस्थापन गर्ने तयारी रहेको प्रजिअ आचार्यले बताए । अध्ययनपछि उक्त ठाउँमा बस्न मिल्ने वा नमिल्ने विषयमाथि निष्कर्ष निकालिनेछ । *रासस*

## स्थानीयसँग सहमति...

पृष्ठ १ बाट जारी

केही प्रहरी र स्थानीय घाइते भएका थिए भने प्रहरीले अवरोधमा संलग्न स्थानीयलाई नियन्त्रणमा लिएको थियो । तर, फोहोर फाल्न नसकी गाडीहरू काठमाडौं फिर्ता भएका थिए । बिहीबार पनि स्थानीयको अवरोध हुने भएकोले काठमाडौंबाट फोहोरको गाडी पठाइएन ।

**स्थानीयसँग आज छलफल**

यसैबीच काठमाडौंको फोहोर व्यवस्थापनका विषयमा आज शुक्रबार स्थानीय वासिन्दासँग छलफल हुने भएको छ । सहरी विकास मन्त्रालयका अनुसार बञ्चरेडाँडाका स्थानीय वासिन्दासहित काठमाडौं उपत्यकाका स्थानीय तह, धादिङको धुनिवेशी नगरपालिका र नुवाकोटको ककनी गाउँपालिकाका प्रतिनिधिसँग छलफल हुने भएको हो ।

स्थानीय वासिन्दा, जनप्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधिसहितको सर्वपक्षीय छलफल हुन लागेको मन्त्रालयले जानकारी दिएको छ । सहरी विकास मन्त्रालयमा हुने आजको छलफलबाट फोहोर व्यवस्थापनको विषयमा ठोस् निर्णय आउने अपेक्षा गरिएको छ ।

बञ्चरेडाँडाका स्थानीयवासीले नुवाकोट र धादिङमा फोहोरबाट प्रभावित भएका ४०० स्थानीयलाई रोजगारी दिनुपर्ने, प्रभावित क्षेत्रमा भएको गुठी सम्बन्धी समस्या समाधान गर्नपर्ने, बञ्चरेडाँडाको वरिपरि तीन हजार मिटर क्षेत्र अधिग्रहण गर्नपर्नेलगायत माग राख्दै आएका छन् ।


Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply & Sewerage Management Project
Pokhara, Kaski

**Invitation for Opening of Price Bids**

**Date of Published: 10 June, 2022 (2079/02/27)**

With reference to the bid notice published on 10 April, 2022 in PPMO's e-portal www.bolpatra.gov.np/egp and in Annapurna Post National Daily and 24 April, 2022 in Himalaya Times National Daily for the contract mentioned below, the following bidders are selected as responsive bidders from the technical evaluation as per "Evaluation and Qualification Criteria" of the bid document and hence, invited to attend the Price Bid Opening as per rule 31(nga), sub clause 5 of Public Procurement Regulation 2064 and the clause 25.7 of ITB, section 1 of Bid Document. The Price Bid of successful bidder is scheduled to open on 17 June, 2022 (2079/03/03), 13:00 hrs at Federal Water Supply and Sewerage Management Project, Pokhara.

Contract No: **IFB/08/2078/79/works/fwssmp/pokhara**
Contract Title: Construction of Arunkhola Water Quality Improvement Project

| S. N. | Name of Bidder |
|---|---|
| 1 | Sunder Nirman Sewa , Kaski |

Contract No: **IFB/11/2078/79/works/fwssmp/pokhara**
Contract Title: Construction of Kawasoti Water Quality Improvement Project

| S. N. | Name of Bidder |
|---|---|
| 1 | Sagarmatha-Bidari JV, Kathmandu |

Contract No: **IFB/10/2078/79/works/fwssmp/pokhara**
Contract Title: Construction of Bharat Pokhari, Nirmal Pokhari, Kisti (Kholteri) Water Quality Improvement Project

| S. N. | Name of Bidder |
|---|---|
| 1 | Sagarmatha-Bidari JV, Kathmandu |
| 2 | Parajuli Construction Pvt.Ltd.. Lamjung |

**Project Chief**



पुनर्वास नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
पुनर्वास,कञ्चनपुर
सुदूरपश्चिम प्रदेश,नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथमपटक प्रकाशित मितिः २०७९/०२/२७)

यस कार्यालयबाट मिति २०७८/०१/१२ गते रास्ट्रिय दैनिक पत्रिका र PPMO मा प्रथमपटक (e-Bid) मार्फत बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक पेश भएका बोलपत्रहरू मध्ये तपसिलका बोलपत्रदाताले पेश गरेको बोलपत्रहरू न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७९२० तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | बोलपत्रदाताको नाम | आयोजनाको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (मू.अ.कर र एक् बाहेक) |
|---|---|---|---|
| PUN/MUN/078/079- 26 | Ganesh Nirman Sewa, Belauri-04, Kanchanpur | Construction Of Multi Propose Hall, Punarbas Municipality-03, Kanchanpur | ३३,८७,४७०९१ |
| PUN/MUN/078/079- 27 | Ganesh Nirman Sewa, Belauri-04, Kanchanpur | Construction of Incomplete School Building, Janshakti Aadharbhut School, Punarbas Municipality-01, Kanchanpur | ३०,५६,७१४२३ |



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ९ अंक ४६ जेठ २६ गते २०७९ मा प्रकाशित **S.N. Recruiting Service Pvt Ltd** को Lot No. **263519** को विज्ञापनमा अन्तरवार्ता स्थान र मितिः सेन्टर प्वाइन्ट होटल बिर्तामोड, झापामा असार २ गते (16th June. 2022) र ईटहरी, सुनसरीको होटल ईस्टर्नमा असार ३ गते (17th June. 2022)मा हुनुपर्ने भने Lot No. **255084** को विज्ञापनमा अन्तरवार्ता स्थानः काठमाडौंमा असार २ गते (16th June. 2022)मा हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराइन्छ ।

**S.N. Recruiting Service Pvt Ltd**
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9851123476
E-mail : snrecruitingnepal@gmail.com
Govt. License 1284/074/75



**कर्मचारी आवश्यकता**

यस **Vera Health Pvt.Ltd.** कम्पनीका लागि कर्मचारी आवश्यकता परेको हुदाँ इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**पद** : Call Center / Customer Services
**संख्या** : ५0
**योग्यता** : +2 pass
**समय** : बिहाँन ९:00 बजेदेखि ५:00 बजेसम्म
दिउँसो १:00 बजेदखि ९:00 बजेसम्म

**तलब : रू. २0,000।-**

**Vera Health Pvt.Ltd.**
Bashundhra, Kathmandu, Nepal
Phone No.9803496508
Email : verahealthnp@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# पाठ्यपुस्तक किन सधैं ढिला ?

हरेक वर्षजस्तै यस वर्ष पनि विद्यार्थीहरूले पाठ्यपुस्तकको अभाव भोल्नुपरेको छ । नयाँ शैक्षिक सत्र सुरु भएको एक महिना बित्न लागिसक्यो । तर, हालसम्म पनि पाठ्ययपुस्तक अभावको समस्या अन्त्य हुन सकेको छैन । नेपाल सरकारको जिम्मेवार निकाय भने कुन जिल्लाका कुन विद्यालयमा कति पाठ्यपुस्तक अपुग भएको भन्ने सूचना मागिरहेको छ ।

विद्यालय तहका पाठ्यपुस्तक निःशुल्क उपलब्ध हुने व्यवस्थाबमोजिम कक्षा १ देखि ३ सम्म निजी क्षेत्रका मुद्रण व्यवसायी र कक्षा ४ देखि १० सम्म सरकारी स्वामित्वको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले उत्पादन र वितरणको जिम्मेवारी पाएका छन् । निजी क्षेत्रले माथिल्लो तहका पाठ्यपुस्तक पनि छपाइ गरिरहेका छन् । विद्यार्थीले समयमा पाठ्यपुस्तक नपाएको विषय संघीय संसद् र सञ्चारमाध्यममा दैनिकजसो उठिरहेका बेला शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र जनक शिक्षा सामग्री केन्द्र भने आफूले छाप्न बाँकी रहेकाबाहेक छापिइसकेका पुस्तक पनि सम्बन्धित विद्यालयमा पुऱ्याउन नसकेको 'सगर्व' सुनाइरहेका छन् ।

चालु शैक्षिक सत्रका लागि कक्षा ४ देखि १० सम्म कूल एक करोड ९८ लाख थान पाठ्यपुस्तक छपाइको लक्ष्य लिइएकामा बिहीबारसम्म एक करोड ८० लाख थान (करिब ९० प्रतिशत) उत्पादन भइसकेको केन्द्रको भनाइ छ । छपाइ भइसकेकामध्ये कतिपय पुस्तक ढुवानीका क्रममा रहेको र विद्यालयमा पुग्न बाँकी रहेकाले नपुग भएको गुनासो आएको केन्द्र बताउँछ ।

दैनिक एक लाख पाठ्यपुस्तक उत्पादन गर्दै आएको केन्द्रबाट बिहीबार मात्रै सुर्खेत र चितवनका लागि पाठ्यपुस्तक ढुवानी भएको छ । अबको १५ दिन (असार १० गतेभित्र) बाँकी सबै (करिब १५ लाख थान) पुस्तक छपाइ सम्पन्न गरिने केन्द्रका अधिकारीहरू बताउँछन् ।

बजारमा समानुपातिक वितरण नहुँदा यो समस्या आएको केन्द्रको दाबी छ । हाल कक्षा ६ र ८ का सामाजिक, अंग्रेजी र नेपाली विषयका पुस्तक बढी अभाव देखिएको छ । ती पुस्तक निजी क्षेत्रले पनि उत्पादन गरेकाले केन्द्र र निजी क्षेत्रबीचको समन्वय नहुँदा कहाँ कति विद्यार्थीका लागि कसले कति उत्पादन र वितरण गर्ने भन्ने तथ्यांकको अभाव पनि देखिएको छ ।

कक्षा ५, ८ र १० का पाठ्यपुस्तक आगामी शैक्षिक सत्रमा परिवर्तन (कोर्स आउट) हुने भएकाले पनि केन्द्रले भण्डारमा नरहने गरी यस वर्षका लागि आवश्यक संख्यामा मात्रै उत्पादन गरिरहेको छ । यस्तै पाठ्यक्रम विकास केन्द्रबाट कक्षा ४, ७ र ९ का अनुदित (अंग्रेजी माध्यम)का पाठ्यपुस्तकको मुद्रणीयप्रति (सिआरसी) प्राप्त नभएकाले पनि माग भए पनि आफूहरूले अनुदित पुस्तक दिन नसकिएको केन्द्रको भनाइ छ । सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पनि पढाइ हुन थालेको र कति विद्यालयमा अनुदित पुस्तक चाहिने भन्ने तथ्यांक पनि सरकारी नियकासँग उपलब्ध छैन ।

कतिपय सन्दर्भमा स्थानीय बिक्रेताले केन्द्रका प्रादेशिक कार्यालयबाट समयमा नलैजाने, बिक्रेतासँग उपलब्ध हुँदाहुँदै पनि विद्यालयले समयमा खरिद नगर्नेजस्ता कारणले विगतमा पनि विद्यार्थीले समयमा पाठ्यपुस्तक नपाएको देखिन्छ ।

कुनै न कुनै बहाना बनाएर हरेक वर्ष समयमै पाठ्यपुस्तक पुऱ्याइँदैन । जसले विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा असर गरिरहेको छ । यसको प्रत्यक्ष मारमा विद्यार्थीहरू परिरहेका छन् । कति वर्ष विद्यार्थी यसरी नै प्रताडित बन्ने ? सरकारले आउँदा दिनमा यो समस्याको समाधान गरोस् । शैक्षिक सत्रको सुरुआतसँगै विद्यार्थीका हातहातमा पाठ्यपुस्तक पुगोस् ।

## बागमती प्रदेशको चक्रपथ :

# यसरी खुल्नेछ विकास र समृद्धिको ढोका

▶▶ रमेश लम्साल/अञ्जली थापा

संघीय राजधानीसमेत रहेको बागमती प्रदेशको समग्र विकास र आर्थिक समृद्धिका लागि प्रदेश सरकारले केही रणनीतिक महत्त्वका योजना अगाडि सारेको छ । प्रदेश सरकारले विशेष महत्त्व दिएका केही रणनीतिक महत्त्वका आयोजनाको विकास र विस्तारले आर्थिक समृद्धिको मार्गप्रशस्त गर्ने छ ।

प्रदेश सरकारको विशेष प्राथमिकतामा राखेको १३ जिल्ला जोड्ने चक्रपथ निर्माणलाई यसै वर्षदेखि सुरु गर्ने भएको छ । मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेका अनुसार यसै वर्षभित्र बागमती प्रदेश चक्रपथको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर)को काम सम्पन्न गरेर निर्माण सुरु गर्ने लक्ष्य राखिएको छ । उक्त चक्रपथले बागमती प्रदेशभित्रका १३ वटै जिल्लाको यातायातको सहज प्रबन्धदेखि नागरिकको अपेक्षालाई समेत सम्बोधन गर्नेछ । प्रदेशका सबै जिल्लालाई जोड्नको लागि र यातायातमा सहज वातावरण निर्माण गर्नको लागि उक्त चक्रपथ यसै वर्षभित्र निर्माण सुरु गरिने मुख्यमन्त्रीको भनाइ छ ।




सो परियोजनालाई प्रदेशको गौरवका आयोजनाका रूपमासमेत चित्रण गरिएको छ । दोलखाको गौरीशंकर, धादिङको तिप्लिङ, चितवनको फाँटदेखि मकवानपुरसम्म, सिन्धुलीदेखि रामेछापसम्म अटाएको यस प्रदेशको विकास, समृद्धि र यहाँका नागरिकको अपेक्षालाई सकेसम्म सम्बोधन गर्ने प्रयास प्रदेश सरकारले गरिरहेको मुख्यमन्त्री पाण्डेको भनाइ छ । आर्थिक वर्ष २०७९/८० भित्र नै प्रदेशको राजधानी हेटौंडालाई संघीय राजधानी काठमाडौं जोड्ने हेटौंडा-कुलेखानी-काठमाडौं सडक दुई लेनको निर्माण गरिनेछ ।

त्यस्तै, प्रदेश सरकारले सडकका अलावा सुरुङ निर्माणलाई पनि उत्तिकै प्राथमिकतामा राखेको छ । यस प्रदेशभित्र चारवटा सुरुङ निर्माणको लागि तत्कालका लागि ६० करोड रूपैयाँ बजेट विनियोजन गरिने उनको भनाइ छ । ती सुरुङमध्ये चोभार-हेटौंडा, खुर्कोट-चियाबारी, ताल्ती-लोथर र हुदी-शक्तिखोरको डिपिआर सम्पन्न गरिनेछ । त्यसलगत्तै सुरुङ निर्माणको काम प्रारम्भ गरिनेछ । प्रदेश सरकारको प्राथमिकतामा सुरुङमार्ग छ । सुरुङ निर्माणमा संघीय सरकारको समेत उत्तिकै चासो छ ।

संघीय सरकारले काठमाडौं-मकवानपुर-चितवन द्रुतमार्ग निर्माण गर्ने गरी आगामी आवको बजेटमा कार्यक्रम समावेश गरेको छ । सो मार्गको काम अगाडि बढ्दा त्यसको केन्द्रमा बागमती प्रदेश सरकार नै रहन्छ । प्रदेश सरकारले पनि सोहीअनुसार प्रक्रिया अगाडि बढाएको तथा सुरुङ तथा द्रुतमार्ग निर्माणमा पनि उत्तिकै चासोका साथ योजना तय गर्ने, बजेट विनियोजनसमेत गरेको छ ।

### उद्योगमा प्रदेशको योजना

बागमती प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउनको लागि कृषिऔजार कारखाना निर्माण गर्ने मुख्यमन्त्री पाण्डेको भनाइ छ । कृषि क्षेत्रमा यस प्रदेशको भूमिका महत्त्वपूर्ण छ । संघीय राजधानी काठमाडौंलाई आवश्यक पर्ने तरकारी, फलफूल, दूध तथा अन्य खाद्य उपज उत्पादनका लागि विशेष प्राथमिकतामा राखिएको छ ।

त्यसमाथि धादिङ, चितवन, मकवानपुर, नुवाकोट, काभ्रेपलाञ्चोकलगायतका जिल्लाले काठमाडौं उपत्यकालाई तरकारी र खाद्य उपजको आपूर्ति गरिरहेको छ । कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ प्रदेश सरकारले योजनाबद्ध प्रयास गरिरहेको छ ।

त्यस्तै, प्रदेशका किसानलाई किसान परिचयपत्र प्रदान गर्नका साथै मल कारखाना निर्माणको लागि प्रोत्साहन गर्ने योजनासमेत उनले सुनाए । बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रममा समेत यी विषयलाई विशेष प्राथमिकताका साथ सम्बोधन गरेको छ । रासायनिक मलकारखानाको लागि ठूलो रकम लाग्ने कारणले विदेशी लगानीलाई प्रोत्साहन गरेर मलमा आत्मनिर्भर हुनुकासाथै उक्त कारखानाबाट रोजगारीसमेत सिर्जना हुनेछ । प्रदेश सरकार आफैंले पनि रासायनिक मल कारखानाको स्थापनाका लागि चासो व्यक्त गरेको छ ।

नेपाल विद्युत् प्राधिकरणसँग पनि प्रदेश सरकारले त्यससम्बन्धमा प्रारम्भिक चरणमा छलफल गरिसकेको छ । मुख्यमन्त्री पाण्डेले कृषिको उत्पादकत्व बढाउनका लागि रासायनिक मल कारखाना स्थापनाका लागि प्रदेश सरकारले चासो राख्दै प्रक्रियासमेत अगाडि बढाएको छ । त्यसका साथै प्रदेश सरकारले ग्रामीण र घरेलु तथा साना लगानीका उद्योगलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ र सोहीअनुसार काम गरिरहेको छ ।

### १० हजार युवालाई रोजगारी

यस वर्ष प्रदेशका १० हजार युवालाई तालिम दिएर रोजगार प्रदान गर्ने प्रदेश सरकारको योजना रहेको छ । सो कार्यको लागि आवश्यकता अनुसारको उद्योग, कृषिलगायतका स्थानमा आवश्यक पर्ने सीपमूलक तीन महिने निःशुल्क तालिम दिने र तालिमपश्चात् रोजगारको निश्चितसमेत सरकारले नै गर्ने योजना रहेको मुख्यमन्त्री पाण्डेले जानकारी दिए । युवालाई सीप विकास गराएर सीपअनुसारको रोजगारी दिने योजना प्रदेश सरकारको रहेको उनको भनाइ छ ।

### प्रदेशमा विश्वविद्यालय

बागमती प्रदेशमा प्रदेशमा विज्ञान तथा प्रविधि विश्वविद्यालय निर्माण गरिने मुख्यमन्त्री पाण्डेको योजना रहेको छ । यसको साथै निजी क्षेत्रलाई पनि सम्बन्धन प्रदान गरिने र सम्बन्धन प्राप्त गर्ने निजी विश्वविद्यालयले कम्तीमा १०० देखि २०० विद्यार्थीलाई पूर्ण छात्रवृत्तिमा अध्यापन गराउनुपर्ने सर्त राखिने उनको भनाइ छ । सो कार्यले विज्ञान प्रविधिमा प्रदेशमा विपन्न वर्गका छात्रछात्राले पनि शिक्षा हासिल गर्नसक्ने वातावरण रहने मुख्यमन्त्री पाण्डेको भनाइ छ ।

### समाजवादी वडामा ध्यान

मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले समाजवादी वडा कार्यक्रम लागू गरिने जानकारी दिए । हाल नमूनाको लागि प्रदेशको एक हजार १२१ वटा वडामध्ये ११९ वटा वडामा उक्त कार्यक्रम लागू हुने उनको भनाइ रहेको छ ।

यसको लागि प्रदेशका ११९ पालिकाको एक/एक वटा वडालाई समाजवादी वडा बनाइने उनको भनाइ छ । नेपालको संविधानले समेत समाजवादलाई आत्मसात गरेको छ ।

समाजवादी वडा कार्यक्रम लोकप्रिय हुनेमा आफू विश्वस्त रहेको समेत उनको दाबी छ । समाजवादी वडा कार्यक्रम लागू भएको वडामा विभेदरहित वातावरण निर्माण हुने, बालबालिका, महिला र ज्येष्ठ नागरिकको लागि मैत्रीपूर्ण वातावरण निर्माण हुने, सबै प्रकारका सेवा सहजरूपमा उपलब्ध गराउने मुख्यमन्त्रीले जानकारी दिए ।

उक्त कार्यक्रम लागू हुनु भनेको 'आफ्नो गाउँ आफैं बनाउनु पनि हो ।' सोहीअनुसार जनताले बुझ्ने र सरकारले सघाउने उनको भनाइ रहेको छ । सुखी र समृद्धिको नमूना देखाउनलायक वडा बनाउन पनि समाजवादी वडा कार्यक्रम ल्याइएको मुख्यमन्त्री पाण्डेले बताए ।

समाजवादी वडा कार्यक्रम लागू भएका वडामा चेतनाको स्तर वृद्धि गरेर जातीय, धार्मिक, वर्गीयलगायतको विभेद् अन्त्य गरिने उनको भनाइ छ । सो वडाका युवालाई रोजगारी दिएर विदेश पलायन हुनबाट समेत रोकिने उनको भनाइ रहेको छ । त्यसको लागि ग्रामीण र घरेलु उद्योग स्थापना हुनेछ । सो उद्योगबाट उत्पादित सामग्रीलाई बजारीकरण गरेर आर्थिकरूपले सम्पन्न बनाइने योजना अगाडि सारिएको छ ।

राजनीतिक रूपमा अनुभवी र पूर्वस्थानीय विकासमन्त्रीको समेत जिम्मेवारी सम्हालेका पाण्डे नेकपा एकीकृत समाजवादीको उपाध्यक्षसमेत हुन् । उनको आफ्नै अनुभवले पनि बागमती प्रदेश सरकार अन्य प्रदेशभन्दा अब्बल बन्नेमा कुनै शंका छैन । संघीय सरकारको साधन र स्रोतसमेत यसै प्रदेशमा बढी प्राप्त हुने, सुगमताका हिसाबले पनि सहज भएकाले प्रदेशवासीको विकासप्रतिको चाह छिट्टै पूरा हुने विश्वास गर्न सकिन्छ । *रासस*

> **प्रदेश सरकारको विशेष प्राथमिकतामा राखेको १३ जिल्ला जोड्ने चक्रपथ निर्माणलाई यसै वर्षदेखि सुरु गर्ने भएको छ । प्रदेश चक्रपथको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)को काम सम्पन्न गरेर निर्माण सुरु गर्ने लक्ष्य राखिएको छ । उक्त चक्रपथले बागमती प्रदेशभित्रका १३ वटै जिल्लाको यातायातको सहज प्रबन्धदेखि नागरिकको अपेक्षालाई समेत सम्बोधन गर्नेछ ।**

## मननयोग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ । त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन् ।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन । त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन ।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संघर्षको कारण हुन जान्छ । **क्रमशः**

पत्र-मञ्जुषा

# फोहोरको सास्ती कहिलेसम्म ?

हामी राजधानीवासी । देशको केन्द्रीय राजधानीमा बस्छौं भन्दा गर्व गर्न पाउनुपर्ने हो । सबै सेवा सुविधा सहजरूपमा पाउनुपर्थ्यो । त्यसो हुनु राजधानीवासीका लागि भाग्यको कुरा हुन्थ्यो ।

तर, यहाँ ठीक उल्टो छ । राजधानीवासी हुनुमा गर्व होइन, पीडाबोध गर्नुपरेको छ । हरेक पल, पाइलापाइलामा दुःख भोल्नुपर्छ राजधानीवासीले । एकातिर महँगीको मार । सडकको खाल्डाखुल्डी र दुर्घटनाको जोखिम । धुँवाधुलो, ध्वनी, फोहोरको प्रदूषण । यातायातको साधनमा उस्तै बेथिति । अव्यवस्थित बसाइले दिएको सास्ती । खानेपानीको हाहाकार । सार्वजनिक शौचालयको अभाव । हरेक क्षेत्रमा ठगी । यस्तै यस्तै धेरै छन् राजधानीवासीसँग जोडिएका परिचय ।

राजधानीको मुख्य समस्यामध्येको एक हो फोहोर व्यवस्थापन । राजधानीवासीले वर्षौंदेखि भोग्दै आएको यो समस्या समाधानका लागि जुनसुकै पार्टीको सरकार आए पनि प्रभावकारी काम गरेर देखाउन सकेनन् । अहिले त्यही समस्या जटिल बन्दै गएको छ । भर्खरै सम्पन्न स्थानीय तह चुनावको समययता राजधानीको फोहोर उठ्न सकेको छैन । जसले यहाँका घर-घरदेखि सडक, नदी किनार तथा खुला स्थानसमेत फोहोरले भरिएको छ । फोहोर उठ्न नसक्दा दुर्गन्धित बनेको छ । यसले अर्को महामारी निम्त्याउने खतरा बढेको छ ।

स्थानीय तह निर्वाचनबाट काठमाडौं महानगरपालिकाको प्रमुखमा निर्वाचित भएर आएका स्वतन्त्र उम्मेदवार बालेन्द्र शाहले फोहोर व्यवस्थापनलाई पहिलो प्राथमिकतामा राखेका छन्, जुन निकै सराहनीय छ । उनले काठमाडौंको फोहोर व्यवस्थापन नभएसम्म खादा, माला नलगाउने घोषणासमेत गरेका छन् । निर्वाचित भएलगत्तै उनी फोहोर व्यवस्थापन गर्ने स्थान नुवाकोटको सिसडोल र बञ्चरेडाँडा पुगेर त्यहाँको वस्तुस्थिति बुझेका थिए । कार्यभार सम्हालेलगत्तै उनले फोहोर व्यवस्थापनको काम सुरु गरेका छन् ।

यसैबीच सहरी विकास मन्त्रालयमा काठमाडौं महानगरपालिकालगायत सरोकारवाला निकायका प्रतिनिधि तथा नुवाकोटका जनप्रतिनिधिसमेतले फोहोर व्यवस्थापनका लागि सहमति गरे । उक्त सहमतिको भोलिपल्टबाटै बञ्चरेडाँडामा फोहोर लगेर गएका गाडीहरूलाई स्थानीयले अवरोध गरे । जुन अवरोध अझै कायम छ । स्थानीयले आफूहरूको समस्या समाधान नभएसम्म फोहोर फाल्न नदिने अडान लिएका छन् । प्रहरी परिचालन गरेर फोहोर फाल्ने प्रयास गर्दा स्थानीय र प्रहरीबीच झडपसमेत भएको थियो । केही प्रहरी र सर्वसाधारण घाइते भए । त्यसपछि फोहोर फाल्ने काम रोकिएको छ ।

स्थानीयवासीको माग जायज भए पनि सरकारले त्यसको सम्बोधन गर्न नसक्नु दुःखद् छ । पटक-पटक उनीहरूलाई माग सम्बोधनको आश्वासन दिए पनि सरकारले पूरा गर्न सकेका छैनन् । जसले गर्दा राजधानीको फोहोर व्यवस्थापनमा समस्या बल्झिरहने गरेको छ । यो समस्या बल्झिन नदिन किन प्रभावकारी काम गर्न सक्दैन सरकार ? फोहोरको राजनीति यसरी नै चलिरहने हो सधैं ? यो प्रश्न अहिले चर्कोसाथ उठिरहेको छ । यसको सम्बोधन सरकारले गर्नैपर्छ ।

फोहोरका कारण महामारी उत्पन्न भए मुलुकले अर्को क्षति बेहोर्नुपर्छ । जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको यो विषयमा सरकार र सरोकारवाला सबै संवेदनशील बन्नुपर्छ । चुनावको बेला गुलिया नारा र आश्वासन मात्र बाँड्ने राजनीतिक दलहरू र तिनका नेतृत्वकर्ताहरूले यसमा गम्भीर भएर सोच्न पर्दैन ? हामी राजधानीवासीले वर्षौंदेखि भोग्दै आएको यो समस्याबाट कसले देला मुक्ति भन्ने प्रश्न जटिल बनेको छ । त्यसैले अब फोहोर व्यवस्थापनमा निर्णायक कदम चाल्न ढिला गर्नुहुन्न । अझै पनि फोहोर व्यवस्थापनको काम प्रभावकारी हुन नसके अर्को संकट बेहोर्नुपर्ने निश्चित छ । त्यतातर्फ सरकार, राजनीतिक दल र सरोकारवाला सबैको ध्यान पुगोस् ।

**-राजेशमान महर्जन, डल्लु, काठमाडौं**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.



सडक अवरुद्ध | वर्षापछि बुधबारराति खसेको पहिरोले अवरुद्ध बनेको मध्यपहाडी पुष्पलाल लोकमार्गको बागलुङ खण्डअन्तर्गत गलकोट–घोडाबाँधे सडक । लोकमार्गको ठाउँठाउँमा खसेका पहिरोका कारण सर्वसाधारणलाई यात्रा गर्न सास्ती भएको छ । *तस्बिरः रासस*

# प्रहरीले जाहेरी लिएपछि विनोद शाहीको परिवारले शव बुझ्यो

■ प्रभाव संवाददाता

**धनगढी–** अछामको पञ्चदेवल विनायक नगरपालिका-४ का १५ वर्षीय किशोर विनोद शाहीको परिवारले शव बुझेको छ ।

शाहीको बिहीबार जिल्ला अस्पताल मंगलसेनमा पोष्टमर्टम पछि मृतकका परिवारले शव बुझेर अन्तिम संस्कार गरेका छन् । परिवारले हुलाकमार्फत १३ जनाविरुद्ध दिएको किटानी जाहेरी प्रहरीले दर्ता गरेपछि बिहीबार शव बुझेको हो ।

पञ्चदेवल विनायक नगरपालिका-४ का १७ वर्षीय शाहीको हत्या भएको भन्दै पीडित परिवारले १३ जनाविरूद्ध किटानी जाहेरी दिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कैलाश बिष्टले जानकारी दिए ।

जेठ १७ गते रातिदेखि बेपत्ता शाही ६ दिनअघि घर नजिकैको स्थानीय जंगलमा मृत अवस्थामा फेला परेका थिए । उनको जेठ २१ गते शनिबार बिहान करिब १० बजे शव फेला परेको थियो ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) भोलाबहादुर रावलले मृतकका परिवारले शव बुझेको जानकारी दिए । 'परीक्षणपछि मृतकका आफन्तले शव बुझ्नुभएको छ,' एसएसपी रावलले भने, उहाँहरूले 'हुलाकमार्फत पठाउनुभएको किटानी जाहेरी पनि दर्ता भइसकेको छ ।' जिल्ला प्रहरी कार्यालय अछामले क-कसकाविरुद्ध किटानी जाहेरी परेको छ भन्ने कुरा गोप्य राखेको छ ।


प्रहरी स्रोतकाअनुसार पञ्चदेवल विनायक नगरपालिकाकी मेयर अम्बिका चलाउने, जिल्ला समन्वय समितिकी उपप्रमुख दानमती शाही, पूर्ववडाध्यक्ष सज्जनबहादुर शाही, स्थानीय महेन्द्र शाही, देवेन्द्र शाही, शान्ति शाही, रामबहादुर शाहीसहितका १३ जनाविरुद्ध किटानी जाहेरी परेको छ ।

यस घटनाको अनुसन्धान केन्द्रीय अनुसन्धान ब्युरोबाट खटिएको प्रहरी नायब उपरीक्षकको टोलीले गरिरहेको छ । यस्तै सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयबाट पनि प्रहरी वरिष्ठ उपरीक्षक जनकराज पाण्डे नेतृत्वको टोलीले अनुसन्धान गरिरहेको छ ।

प्रहरीले विभिन्न व्यक्तिहरूलाई सोधपुछ गर्ने लगायतको काम गरिरहेको छ। केहीलाई नियन्त्रणमा लिएर राखे पनि प्रहरीले सबैको नाम सार्वजनिक गरेको छैन ।

वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनका दिन पञ्चदेवल विनायक नगरपालिकामा कांग्रेस र एमालेका कार्यकर्ताबीच विवाद भएको थियो । स्थानीय प्रशासनका अनुसार विवादका क्रममा कांग्रेस कार्यकर्ताले एमाले कार्यकर्तामाथि कुटपिट गरेपछि करीब तीन घण्टा मतदान रोकिएको थियो । सोही विषयलाई लिएर पछि एमाले कार्यकर्ताले कांग्रेस कार्यकर्तामाथि कुटपिट गरेका थिए ।

पछि कांग्रेस कार्यकर्ताले दिएको जाहेरीका आधारमा १७ जेठमा प्रहरीले पक्राउ गर्न खोज्दा अवरोध गरेपछि दोहोरो झडप भएको थियो । सोही क्रममा शाही बेपत्ता भएको परिवारको दाबी छ । पछि उनी मृत भेटिएका थिए ।



## गठबन्धन...

पृष्ठ १ बाट जारी

गरिएको छ ।

'तालमेल बलियो बनेको भए र पार्टीभित्रको समस्या समाधान गर्न सकेको भए ४५० स्थानमा कांग्रेसले जित्ने थियो । गठबन्धनमा रहेका दलहरूले निर्वाचनपश्चात् प्राप्त मत परिणाममा असन्तुष्टि जनाएकाले संघ र प्रदेशमा तालमेलको हुनेमा आशंका छ,' उपसमितिका संयोजक पौडेलले प्रतिवेदन सार्वजनिक गर्ने क्रममा भने ।

यद्यपि, तालमेल प्रभावकारी हुन नसकेका र अन्तर्घात भएको क्षेत्र कुन हुन् भनेर सार्वजनिक भएको प्रतिवेदनमा उल्लेख गरिएको छैन । तर, उपसभापति खड्कालाई बुझाइएको प्रतिवेद्यनमा यी विषय समेटिएको पौडेलले बताए। देशभरका ७५३ पालिकामध्ये सत्तारुढ दलहरूबीच ३२४ वटामा तालमेल भएको कांग्रेसले जनाएको छ । यीमध्ये २०९ वटामा कांग्रेसले प्रमुख पदको उम्मेदवार पाएको थियो, जसमध्ये १२८ वटा जितेको छ । तालमेल भएका स्थानीय तहमध्ये प्रमुखमा ६१ प्रतिशत र उपप्रमुखमा ७४ प्रतिशत निर्वाचित भएको प्रतिवेदनमा उल्लेख छ ।

अन्य दलसँगको सहकार्य गर्नको कारणबारे मतदातालाई बुझाउन आवश्यक देखिएको उपसमितिले प्रतिवेदनमा उल्लेख गरेको छ । टिकट वितरणका क्रममा विधानको पालना नगरिएको पनि उपसमितिले प्रतिवेदनमा उल्लेख गरेको छ । टिकट वितरण गर्दा स्वच्छ छवि, ऊर्जाशीलता, लोकप्रिय व्यक्ति र आन्तरिक सर्वेक्षणजस्ता विषयलाई मानक बनाउन उपसमितिले सुझाव दिएको छ ।

उपसमिति संयोजक पौडेलले पार्टीभित्र फरक-फरक धारणा रहेकाले पनि स्थानीय तहको निर्वाचनमा गठबन्धन प्रभावकारी हुन नसकेको बताए । उनले पार्टीभित्रकै सम्पूर्ण शक्ति जिताउनका लागि नलागेको टिप्पणी गरे ।

'गठबन्धनले हाम्रो परिणामलाई घटाएको छ । उथलपुथल बनाएको छ । पार्टीलाई घाटा भएको छ भन्ने हाम्रो निश्कर्ष होइन, तर गठबन्धन पनि प्रभावकारी हुन सकेन । अझै त्योभन्दा बढी हाम्रो पार्टीको सम्पूर्ण शक्ति नेपाली कांग्रेसलाई नै जिताउनका लागि लागिपरेन । हामीले त्यो स्थिति निर्माण गर्न पनि सकेनौं,' बिहीबार प्रतिवेदन बुझाएपछि पौडेलले सञ्चारकर्मीसँग भने ।

१० जिल्लाको परिणाम निराशाजनक

कांग्रेसले देशका १० जिल्लामा भने चुनावी परिणाम निराशाजनक रहेको निश्कर्ष निकालेको छ । दार्चुला र पूर्वी रुकुममा कांग्रेसले कुनै पनि पालिकामा जित निकाल्न सकेको थिएन । मुस्ताङ, डोल्पा, सिरहा, महोत्तरी, गोरखा, राल्पा, कालीकोट र कैलालीमा तालमेल प्रभावकारी नहुँदा र आन्तरिक कारणले पराजय भोग्नुपरेको प्रतिवेदनमा उल्लेख छ ।

कांग्रेसले डोटी, पाँचथर, बाँके, पर्वत, डडेलधुरा, अछाम, ललितपुर, काठमाडौं, सोलुखुम्बु र ओखलढुंगामा भने सन्तोषजनक नतिजा ल्याएको उल्लेख गरेको छ । तालमेल नगरी प्रमुख वा अध्यक्षमा उम्मेदवारी दिएका ४२३ पालिकामध्ये २१० वटामा जित निकालेको प्रतिवेदनमा उल्लेख गरिएको छ । कांग्रेसका अनुसार अघिल्लोपटक जितेका कांग्रेसका १४० जना यसपटक दोहोरिएका छन् । अघिल्लोपटक जितेका १२५ पालिकाको नेतृत्व भने कांग्रेसले यसपटक गुमाएको छ ।

कूल १२२ स्थानमा कांग्रेसले साविक विजेतालाई नै दोहोऱ्याएर टिकट दिएको थियो । त्यसमध्ये ६१ जनाले जितेका छन् भने ६१ जनाले पराजय बेहोरेको कांग्रेसले बताएको छ ।

# लागुऔषधसहित तीन जना पक्राउ

**रौतहट (प्रस)–** चन्द्रपुर नगरपालिका-६ थोकरटोल बस्ने ५२ वर्षीय पनिलाल दासलाई अवैध लागुऔषध सात किलोग्राम गाँजासहित मंगलबार प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय चन्द्रपुरबाट खटीएको प्रहरीले उनको घर तलासी गर्ने क्रममा कोठाभित्र प्लाष्टिकको झोलामा लुकाई राखेको उक्त गाँजा बरामद गरी उनलाई पक्राउ गरेको हो ।

सुर्खेत, वीरेन्द्रनगर नगरपालिका-५ विहानी टोलबाट १ सय ४० मिलीग्राम अवैध लागुऔषध ब्राउन सुगर जस्तो देखिने धुलो पदार्थ सहित सोही नगरपालिका चिसापानी बस्ने १७ वर्षीय किशोरलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । कर्णाली प्रदेश लागुऔषध नियन्त्रण ब्यूरो र जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटीएको संयुक्त प्रहरीले जाँच गर्ने क्रममा ती किशोरलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

# मर्स्याङ्दी ड्यामका कारण १४ घरधुरी उच्च जोखिममा

**तनहुँ–** जिल्लाको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटस्थित मर्स्याङ्दी जलविद्युत आयोजनाको ड्यामका कारण १४ घरधुरी उच्च जोखिममा परेका छन् । उनान्सत्तरी मेगावाट विद्युत् उत्पादन क्षमता रहेको उक्त आयोजनाको ड्यामले बस्ती डुबान र कटान गर्दै जाँदा त्यस क्षेत्रका बासिन्दाको उठिबास हुने अवस्था सिर्जना भएको हो ।

ड्यामले ऐलानी जग्गा मिच्दै आएर अहिले व्यक्तिका जग्गासमेत कटान गर्दा मानवबस्ती जोखिममा रहेको मर्स्याङ्दी जल उत्पन्न प्रकोप संघर्ष समितिका अध्यक्ष विष्णु पराजुलीले बताए । मानवीय क्षति हुने खतरा देखिएकाले जतिसक्दो चाँडो आयोजनाले आफूहरूलाई मुआब्जा दिएर सुरक्षित स्थानमा स्थान्तरण गर्न स्थानीयवासीले माग गरेका छन् । ड्यामका कारण आँबुखैरेनी-१को ३६ रोपनी जमिन कटान गरेको उनीहरूको गुनासो थियो ।

पर्खाल लगाइदिएर बस्ती सुरक्षित गरिदिन पटक-पटक आग्रह गरिए पनि आयोजनाले बेवास्ता गर्दै आएको समितिका अध्यक्ष पराजुलीले जानकारी दिए । 'वर्षायामको समयमा आएर ग्याबिन जाली भरेर झारा टार्ने काम भएको छ, उनले भने, 'समयमै उचित व्यवस्थापन नगरिए ठूलो मानवीय क्षति हुने सम्भावना देखिएको छ ।' विसं २०७८ असार १ गते आएको अविरल वर्षाका कारण मर्स्याङ्दी ड्याम आसपास क्षेत्रका बस्तीमा क्षति पुऱ्याउँदा जोखिम बढ्दै गएको स्थानीय पीडित सुन्दरबहादुर बानियाँले बताए । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RASHID INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति : २०७८।०९।२३ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०२/२६ LT. No.255765 चलानी नं.: ६०१७८५८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole Vehicle Driver | 2 | 0 | 1800 | ५९,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Worker | 15 | 0 | 2000 | ६६,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः असार ३ गते (17th June. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Janashakti International Services Pvt. Ltd. श्रम ईजाजत नं. ९९९/०६८/०६९

Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031

Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KUWAIT BOX NATIONAL CARTON FACTORY.

पुर्व स्वीकृति मिति २०७८/०९/१३ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०२/२६ LT No :254997 चलानी नं.६०१७१४६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Worker | 15 | 0 | 120 | ४८,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Worker/Offices cleaning | 15 | 0 | 120 | ४८,७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार ३ गते (17th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Social Employment Services Pvt.ltd.

Govt. License 678/063/064

P.O.Box. No.: 12206, Dhumbarahi, Kathmandu, Nepal

Phone No.: +977-1-4427061, 4427065

Fax : +977-1-4428045 E-mail : info@sesnepal.com, gsesnepal@gmail.com socialmcmail_employment@yahoo.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOFI AL MESHAAL SWEETS AND PASTRIES COMPANY

पूर्व स्वीकृति मिति २०७९/०२/२६ LT. No. 264703 चलानी नं. ६०१८०७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Biscuit Maker Assistant | 10 | 0 | 110 | ४४,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cake Maker Assistant | 6 | 0 | 110 | ४४,६५५ | | | | | | | |
| 3 | Pastry Maker Assistant | 10 | 0 | 110 | ५४,८०५ | | | | | | | |
| 4 | Sales Lady | 0 | 10 | 135 | ४४,६५५ | | | | | | | |
| 5 | Tandoor Baker Assistant | 10 | 0 | 110 | ४४,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः असार ३ गते (17th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4499491,4478036

Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

श्रम ईजाजत नं. ८२०/०६६/०६७



## बिमालेख हरायो

मिति २०७९/०१/०२ गते चावहिलबाट गोंगबु जाने क्रममा मेरो निम्न व्यहोरा भएको नेपाल लाइफबाट जारी बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनहुन विनम्र अनुरोध गर्दछु।

नाम : शुभेक्षा ज्ञावाली
विमालेख नं : १०८०१२८५७
सम्पर्क नं : ९८५१०७५५६१



प्रदेश सरकार
बागमती प्रदेश
खानेपानी, उर्जा तथा सिचाई मन्त्रालय

## जलश्रोत तथा सिचाई बिकास डिभिजन कार्यालय

हेटौडा, मकवानपुर

### आशय पत्र सम्बन्धी सूचना

प्रकाशित मिति : २०७९/०२/२७

यस डिभिजनवाट मिति २०७९/०१/२० मा प्रभाव दैनिक राष्ट्रिय दैनिकमा प्रकाशित वोलपत्रको आव्हानको सूचना वमोजिम म्यादभित्र अनलाईन मार्फत पर्न आएका वोलत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याकिंत सारभुतरुपमा प्रभावग्राही बोलपत्र देहाय वमोजिम भएकोले सार्वजानिक खरिद ऐन २०६३ को दफा २७(२) र (३) को प्रयोजनार्थ वोलपत्र स्वीकृतिको लागी छनौट गर्ने आशयको सूचना सम्वन्धित सवैको जानकारीको लागि प्रकाशित गरिएको छ । साथै, सार्वाजनिक खरिद ऐन २०६३ को दफा ४७ तथा सार्वाजनिक खरिद नियमावली २०६४ को नियम ६५(क) को प्रयोजनका लागी सम्वन्धित सवै वोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचनाको समेत यसै सूचनावाट जानकारी गराईन्छ ।

| सि. नं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाता | कबोल गरेको रकम (भ्याट सहित) |
|---|---|---|---|
| 1 | WRIDDO/MK/SBP/ NCB-01/078-079 | M/s Syarsekali Builders Pvt. Ltd., Hetauda-04, Makwanpur | 73,13,608.20 |
| | | | डिभजिन प्रमुख |

# प्रभाव दैनिक





## प्रकाश र शान्तिश्रीको मन भुल्छ

प्रकाश दुतराजको नयाँ गीत 'मन भुल्छ' सार्वजनिक भएको छ। उनकै शब्द तथा संगीत रहेको गीतको एरेन्ज कृष्ण विकले गरेका हुन्। प्रकाशलाई गायिका शान्तीश्री परियारले साथ दिएकी छन्। गीतको भिडियोमा प्रकाश दुतराजसँगै सुजल बम, भूमिका गिरी, जुना सुन्दास, आयुष्मा कार्की, विजय पुन, रोशनी कार्की लगायतको अभिनय छ। मोडल गीता ढुंगानाको समेत अभिनय रहेको भिडियो मौसम हिमालीले निर्देशन गरेका हुन्। भिडियोमा अनिल के. मानन्धरको छायाँकन, नविन घर्ती मगरको सम्पादन छ।




शुक्रबार, २७ जेठ २०७९ (Friday, June 10, 2022)




## खंलगामा हमलामाथि फिल्म बनाउँदै विनोद

■ प्रभाव संवाददाता

**काठमाडौं–** मदन पुरस्कारबाट पुरस्कृत पुस्तक 'खलंगामा हमला' माथि फिल्म बन्ने भएको छ। विनोद विष्टले पुस्तकमा माथि फिल्म बनाउन लागेका हुन्। 'खलंगामा हमला' राधा पौडेलले झण्डै दुई दशक अघि जुम्लाको खलंगामा घटेको घटनाको बिषयमा लेखेको पुस्तक हो।

निर्देशक विष्टले राजधानीमा एक कार्यक्रमका बीच फिल्म निर्माण घोषणा गरेका हुन्। विष्टले यसअघि झमक घिमिरेको पुस्तक 'जीवन काँडाकी फूल' माथि फिल्म बनाएका थिए। 'यसअघि धेरैबाट पुस्तकमाथि फिल्म बनाउ माग गरिएको थियो' लेखिका पौडेलले भनिन् 'विनोद दाइले यसअघि बनाएको जीवन काँडा कि फूल हेरेपछि उहाँलाई विश्वास गर्न सके।'

निर्देशक विष्टले जीवन काँडा कि फूल बनाइसकेपछि धेरै पुस्तक पढेको र 'खलंगामा हमला' पुस्तकले आफ्नो मन छोएको बताए। विष्टले खलंगामा खासमा के भएको थियो भन्ने विषयमा आममानिसमा जिज्ञासा रहेको र त्यो कुरालाई आफूले फिल्ममा विशेष तरिकाले देखाउने सुनाए।

निर्देशक विष्टले फिल्ममा अभिनय गर्ने कलाकार तय हुन बाँकी रहेको जानकारी दिए। उनका अनुसार यो फिल्म निर्माणका लागि तीन करोड बजेट छुट्याइएको छ। फिल्म जुम्ला र चितवनमा छायांकन हुनेछ। लेखिका पौडेलको यो पुस्तक २०१३ मा सार्वजनिक भएको थियो।

## सूर्यालाई कमलले दिए ४७ लाखको रोलेक्स

■ एजेन्सी

**मुम्बई–** दक्षिण भारतीय स्टार कमल हासनले फिल्म 'विक्रम'मा रोलेक्सको भूमिका निर्वाह गर्ने अभिनेता सूर्यालाई रोलेक्स घडी उपहार दिएका छन्। कमलले गत बुधबार सूर्यालाई ४७ लाख रूपैयाँको रोलेक्स घडी उपहार दिएका हुन्। फिल्मले बक्सअफिसमा दुई सय करोड रूपैयाँभन्दा बढी कमाई गरिसकेको छ। फिल्ममा सूर्याको १० मिनेटको केमियो दृश्य छ। जुन दृश्यलाई दर्शकले निकै मनपराएका छन्। फिल्मको निर्देशन लोकेश कनागराजले गरेका छन्।

सूर्याले ट्वीटरमार्फत कमल हासनप्रति आभार व्यक्त गरेका छन्। 'यो विशेष अवसर थियो, धन्यवाद अन्ना तपाईंको रोलेक्सका लागि', उनले ट्वीट गरेका छन्।

'विक्रम' अभिनेता कमलको हालसम्मकै सबैभन्दा ठूलो फिल्म साबित भएको छ। कमलले निर्देशक लोकेशलाई कार नै उपहारका रूपमा दिइसकेका छन्।

## घनचक्करले ल्यायो नेपाल भाषामा प्रमोसनल गीत

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समय फिल्मको प्रचारका लागि निर्माता बिभिन्न भाषाको प्रमोसनल गीतसमेत निर्माण गर्न थालेका छन्।

यस्तैमा १० असारबाट रिलिजको तयारीमा रहेका फिल्म 'घनचक्कर' ले पनि प्रचारका लागि नेपाल भाषाको प्रोमोशनल गीत बनाएको छ। गीतमा फिल्मका मुख्य कलाकार सौगात मल्ल, सलोन बस्नेत, कश्मिरा लामा लगायत देखिएका छन्।

बिजेन श्रेष्ठको संगीत रहेको गीतमा भुपेन्द्र बज्राचार्यको शब्द तथा स्वर छ। हरि भट्ट सुर्यनाथ प्रस्तुतकर्ता रहेको कमेडी जनराको फिल्मका निर्माता करुना अर्याल र संगम भट्टको लगानी छ।

भट्ट एण्ड सन्स प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मलाई जितेन्द्र राजोपाध्यायले निर्देशन गरेका हुन्। फिल्ममा अनुपम द्विवेदी, अनुप जंग खड्का र सन्तोष सेढाई सह-निर्माताको रूपमा जोडिएका छन्।




सौगात मल्ल, सलोन बस्नेत, सरोज खनाल, कश्मिरा लामा, शिशिर भण्डारी, आशान्त शर्मा, इश्वरी खड्का, कृष्णभक्त महर्जन, घनश्याम जोशी, प्रभन भुषाल, जनक घर्तिमगर, दामोदर पौडल लगायतको अभिनय देख्न सकिन्छ। फिल्म सुनिल मानन्धरले बितरण गर्दैछन्।

## रद्द हुँदै सम्राट पृथ्वीराजको शो

**मुम्बई (प्रस)–** अभिनेता अक्षय कुमारको फिल्म 'सम्राट पृथ्वीराज'ले रिलिजको पहिलो दिनदेखि नै दर्शकलाई निराश बनाउदै आएको छ। यो वर्ष खेलाडी कुमार अक्षयका लागि खासै उल्लेख्य रहेन। यसअघि उनको फिल्म 'बच्चन पाण्डे'ले बक्सअफिसमा पानीसमेत माग्न पाएन।

फिल्मले बक्सअफिसमा उल्लेख्य कमाई गर्न सकेको छैन। जसका कारण हलवालाले धमाधम फिल्मको शो रद्द गरिरहेका छन्। जिरो अक्युपेन्सीका कारण फिल्मको कैयौं शो रद्द गर्नुपरेको हो। फिल्मको बिहानीको शोको टिकट बिक्री शून्यमा झरेपछि फिल्मले व्यापार नगर्नेमा व्यापार विश्लेषकले अनुमान लगाइसकेका थिए। यो फिल्मका साथ कमल हासनको 'विक्रम' र अदिवी शेषको फिल्म 'मेजर' रिलिज भएको थियो। 'मेजर'ले हालसम्म ५० करोडमाथिको कमाई गरिसकेको छ। उता कमलको फिल्मले बक्सअफिसमा नयाँ रेकर्ड बनाइरहेको छ।

अक्षयको फिल्मको प्रोडक्सन मूल्य २ सय करोड बताइएको छ। तर, टिकट बिक्रीको अनुपात हेर्दा यो फिल्म 'बच्चन पाण्डे'पछि अक्षयको लगातार दोस्रो फ्लप फिल्म बनेको छ। चन्द्रप्रकाश द्विवेदीको यो फिल्ममा मानुषी छिल्लर, सोनू सूद र सञ्जय दत्तको पनि अभिनय छ।



# रंगशाला

### आइसिसी यू-१९ महिला टी-२०

## अन्तिम खेलमा नेपाल विजयी




■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी उन्नाइस वर्षमुनि (यू-१९) महिला टी-ट्वान्टी विश्वकप एसिया छनोटअन्तर्गत मलेसियाविरुद्धको आफ्नो अन्तिम खेलमा नेपालले जित हासिल गरेको छ।

मलेसियाको युकेएम ओभल क्रिकेट मैदानमा बिहीबार भएको आफ्नो अन्तिम खेलमा नेपालले घरेलु टोली मलेसियालाई २५ रनले पराजित गरेको हो। यस खेलसँगै नेपालको विश्वकप खेल्ने सपना सकिएको छ।

नेपालले छनोटमा ६ अंक जोड्दै तेस्रो स्थानमा रह्यो। नेपालले ५ खेलमा ३ जित र २ हार व्यहोरेको थियो। नेपालले पहिलो खेलमा कतारलाई ७९ रनले हराएको थियो भने दोस्रो खेलमा संयुक्त अरब इमिरेट्सँग (युएई) १० विकेटले पराजित भएको थियो।

त्यस्तै तेस्रो खेलमा नेपालले भुटानलाई ४ विकेटले हराएको थियो भने चौथो खेलमा नेपाल थाइल्याण्डसँग ४९ रनले पराजित भएको थियो। यस हारसँगै मलेसिया ५ खेलमा ४ अंक जोडेर चौथो स्थानमा रह्यो। छनोटमा युएई ८ अंक जोडेर शीर्ष स्थानमा रहेको छ। थाइल्याण्ड ८ अंक जोडेर दोस्रो स्थानमा छ। बिहीबार हुने थाइल्याण्ड र युएईबीचको खेलले विश्वकपमा पुग्ने टोलीको निर्धारण गर्नेछ।

बिहीबारको खेलमा नेपालले दिएको ८७ रनको विजयी लक्ष्य पछ्याएको मलेसियाले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर ६१ रनमा समेटियो। मलेसियाको लागि एल्सा हन्टरले सर्वाधिक २८ रन जोडिन्। त्यसबाहेक अन्य ब्याटरले उत्कृष्ट खेल प्रदर्शन गर्न सकेनन्। नेपालकी कप्तान कृतिका मरासिनीले दुई विकेट लिइन् भने मनिषाकुमारी उपाध्यायले एक विकेट लिइन्।

त्यसअघि टस जितेर पहिले ब्याटिङ थालेको नेपालले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ८६ रनको योगफल बनाएको थियो। नेपालका लागि अञ्जली विश्वकर्माले सर्वाधिक ३३ रनको योगदान दिइन् भने आश्मा पुलामी मगरले २६ रन जोडिन्। त्यसैगरी सृष्टि जैशी, सानु राजवंशी र अनु कठायतले समान तीन/तीन रन जोड्दा कृतिका मरासिनीले एक रन जोडिन्। मलेसियाकी नुर सामेदले दुई विकेट लिइन्। छनोटमा नेपालसहित, मलेसिया, युएई, थाइल्याण्ड, भुटान र कतार रहेका छन्। शीर्ष टोलीले आगामी वर्ष दक्षिण अफ्रिकामा आयोजना हुने यू-१९ को विश्वकप खेल्नेछ।

### एएफसी एसियन कप छनोट

## नेपाल जोर्डनसँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** एएफसी एसियन कप, २०२३ छनोटको तेस्रो चरणअन्तर्गत समूह 'ए' को खेलमा नेपाल जोर्डनसँग पराजित भएको छ। कुवेतको जबेर अल अहमद अन्तर्राष्ट्रिय रंगशालामा जोर्डनले नेपाललाई २-० गोल अन्तरले हराएको हो।

खेलको पहिलो हाफमा नेपाल र जोर्डनले गोलरहित बराबरी खेलेका थिए। दोस्रो हाफमा भने जोर्डनले दुई गोल गर्‍यो। पहिलो हाफको ४३औं मिनेटमा नेपालका गोलकिपर दीप कार्कीले जोर्डनका मौसा मोहमद सुलेमानको पेनाल्टी बचाउन सफल भएका थिए। उनले जोर्डनसँगको खेलमा डेब्यु गरेका हुन्। गौतम श्रेष्ठले जोर्डनका मोहमद फैजललाई पेनाल्टी बक्सभित्र लडाएपछि पेनाल्टी पाएको हो।



दोस्रो हाफमा जोर्डनका लागि अली ओल्वान र हाम्जा अल दारदौरले एक एक गोल गरे। ओल्वानले खेलको ६९औं मिनेटमा तथा दारदौरले खेलको ८२ औं मिनेटमा गोल गरेका थिए। नेपाल भने गोल गर्नबाट चुक्यो। नेपाल अंक तालिकाको पुछारमा रहेको छ। नेपालले अर्को खेल शनिबार कुवेतसँग खेल्नेछ।

## बेनीको 'मिनी रंगशाला' योजना अलपत्र

■ कमल खत्री

**बेनी–** म्याग्दीको सदरमुकाम बेनीस्थित खुलामञ्चमा लामो समयदेखि युवाले खेलकुद अभ्यास गर्न पाएका छैनन्। खुलामञ्चलाई स्तरोन्नति गरी मिनी रंगशाला बनाउने काम सुरु भएको वर्षौं बिते पनि बजेट अभावले योजना अलपत्र बनेको छ। खुलामञ्चमा खेल अभ्यास गर्ने खेलाडी यसअघि राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको भए पनि केही वर्षयता खुलामञ्च खेलमैदान प्रयोगविहीन बनेको छ।

खुलामञ्चको पूर्वाधार योजना अलपत्र बनेको र निर्माण सामग्री अव्यवस्थितरूपमा राखिएको कारण विभिन्न समयमा हुँदै आएका खेलकुद प्रतियोगितासमेत प्रभावित बनेका छन् भने बेनीस्थित विभिन्न विद्यालय र क्लबका खेलाडीले खेल अभ्यास राम्रोसँग गर्न पाएका छैनन्। मिनी स्टेडियम बनाउने योजनामा खेलमैदानलाई फराकिलो बनाउने र प्यारापिट बनाउने पूर्वाधारसमेत बीचैमा अलपत्र बनेका छन्।

पूर्वाधार निर्माण योजनाले पूर्णता पाउन नसक्दा युवालाई खेलकुद अभ्यासमा कठिनाइ र फुटबल प्रतियोगिता आयोजना गर्न नपाएको एभग्रीन युवा क्लबका अध्यक्ष नीरज राम्जालीले बताए। 'खुलामञ्चमा पछिल्लो समय खेलकुद अभ्यास गर्न गाह्रो छ, ढुंगा, बालुवा र सडक कालापत्रे गर्ने अलकत्रालगायतका सामग्री खुलामञ्चमा राख्दा अभ्यास गर्ने मैदानको स्वरूप बिग्रिएको छ, खेलकुद अभ्यासमा युवा घाइते हुने अवस्था सिर्जना भएको छ', अध्यक्ष राम्जालीले भने।

खुलामञ्चलाई मिनी रंगशाला बनाउने योजनासहित अघि बढे पनि बजेटको निरन्तरता नहुँदा पूर्वाधार निर्माण अलपत्र परेको हो। खुलामञ्च खेलमैदान मात्र नभएर व्यापारिक मेला महोत्सव, सांस्कृतिक कार्यक्रम र राजनीतिक सभा हुने स्थल पनि हो। बजेटमा निरन्तरता नहुँदा निर्माणाधीन प्यारापिट अलपत्र छ। सङ्घ, प्रदेश र स्थानीय तहले खुलामञ्चको पूर्वाधार निर्माणमा प्राथमिकता नदिएको युवा क्लबको गुनासो छ।

अलपत्र अवस्थामा रहेको खुलामञ्चलाई पूर्णता दिने गरी बजेटको लागि नगरमा छलफल अघि बढाउने बेनी नगरपालिका-७ का वडाध्यक्ष रमेशकुमार श्रेष्ठले बताउनुभयो। कालीगण्डकी किनारतर्फ खुलामञ्चलाई फराकिलो बनाउने किसिमले प्यारापिट निर्माणका लागि सुरु गरिएको काम पिल्लर राख्नेमा मात्र सीमित भएको छ। जिल्ला सदरमुकाम बेनीमा फराकिलो प्यारापिटसहितको स्तरीय रंगशाला बनाउने योजनासँगै जिल्ला खेलकुद विकास समितिले २०७४ सालमा डिपिआरसहित रु नौ करोडको लागत अनुमान सार्वजनिक गरेको थियो। कालीगण्डकी र म्याग्दी नदीमा पक्की पर्खाल र पुरानोभन्दा फराकिलो ११/११ जना फुटबल खेल्न मिल्ने खेलमैदान बनाउन ९६ मिटर लम्बाइ र ४५ मिटर चौडाइ भएको मिनी स्टेडियम बनाउने योजना छ। हालसम्म रु तीन करोडभन्दा बढी लगानी भएको खुलामञ्चलाई व्यवस्थित बनाउन रु नौ करोडभन्दा बढी खर्च हुने अनुमान गरिएको छ।

कोरोना कहर र त्यसपछि समेत बजेट विनियोजन नभएपछि खुलामञ्चको पूर्वाधार निर्माण प्रभावित बनेको हो। आर्थिक वर्ष २०७७/०७८ मा यो योजनामा कतैबाट पनि बजेट विनियोजन भएन। आव २०७८/७९ मा पनि विगतमा दिएको आश्वासनअनुसार बजेट विनियोजन नहुँदा खुलामञ्चको स्वरूप फेर्दै रंगशाला बनाउने योजना अधुरै बन्ने भएको हो। *रासस*

# तेस्रोपटक सत्तामा पुग्ने राष्ट्रपति सीको तयारी

**बेइजिङ–** राष्ट्रपति सी चिनफिङ तेस्रोपटक पुनःसत्तामा पुग्ने तयारीमा रहेका बेला चीन कोभिड-१९ भन्दा पहिलेको जस्तो अवस्थामा नरहेको अधिकारीहरूले बताएका छन् ।

सन् २०१८ मा चीनको नेसनल पिपुल्स कंग्रेसले राष्ट्रपतिको दुई कार्यकालको सीमा हटाउने प्रस्ताव अनुमोदन गरेपछि सीलाई अब आजीवन प्रभावकारी रूपमा सत्तामा रहनसक्ने बाटो खुलेको ज्योपोलिटिकल इन्फो डटले जनाएको छ ।

विश्व महाशक्ति राष्ट्र बन्ने चीनको चाहना गतिहीन भएको छ तर सर्वोच्च नेता सीले कीर्तिमानी तेस्रो कार्यकालको सत्ता सुनिश्चित गर्ने मौका खोजिरहेका छन् ।

यसै वर्ष हुने चिनियाँ कम्युनिस्ट पार्टीको २०औं राष्ट्रिय महाधिवेसनको मिति घोषणा गरिएको छैन तर मिति घोषणा भएसँगै सीको पुनः सत्तारुढ हुने चाहना अभिव्यक्त हुने अपेक्षा गरिएको छ । *रासस⁄एएनआई*

# युक्रेन युद्धले विश्वव्यापी खाद्यसंकटको जोखिम

**न्यूयोर्क–** रूस-युक्रेन युद्धका कारण विश्वव्यापी खाद्यसंकटको जोखिम बढेको छ । युद्धले रूसी र युक्रेनी समाज तहसनहस मात्र भएको छैन ९४ देशका एक अर्ब ६० करोड मानिसले खाद्यसंकट झेल्नुपर्ने चेतावनी संयुक्त राष्ट्रसंघले दिएको छ ।

लम्बिँदो युद्धले कुनै न कुनै रूपमा ती देश वित्त, खाद्य, वा ऊर्जासंकट सामना गर्न बाध्य भएको ग्लोबल क्राइसिस रेस्पोन्स ग्रुप बुधबार सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । युद्धले तीनवटै क्षेत्रलाई जोखिममा पारेको छ ।

राष्ट्रसंघीय प्रतिवेदनले खाद्यान्नको निरन्तर बढ्दो भाउ र इन्धनको मूल्यलाई स्थिर राख्न, सामाजिक सुरक्षा प्रणाली लागू गर्न र विकासोन्मुख देशलाई आर्थिक सहयोग बढाउन आह्वान गरेको छ । आगामी वर्ष खाद्यान्न संकट रोक्न, त्यसमा पहुँच र उपलब्धता बढाउन ठोस काम गर्नुपर्नेमा जोड दिइएको छ ।

'यदि युद्ध जारी रह्यो, अनाज, मलको उच्च मूल्य आगामी खेती याममा पनि निरन्तर रह्यो भने मकै, गहुँ र सागसब्जीलगायत खाद्यान्न उपलब्धता घट्ने तथा थपिने ऊर्जा संकटले अर्बौं नराम्ररी प्रभावित हुने छन्,' प्रतिवेदनमा भनिएको छ ।

महासचिव एन्टोनियो गुटेर्रेसले युक्रेन युद्धको प्रभावले जीवनयापनको गम्भीर संकट सिर्जना गरेको र त्यसबाट कुनै पनि देश वा समुदाय उम्कन नसक्ने बताएका छन् । खाद्य सुरक्षा, ऊर्जा, वित्तपोषणमा द्वन्द्वको प्रभाव घटाउन महासचिवले आफ्ना नागरिकको जीवन र जीविकोपार्जन जोगाउन प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिएका छन् । *रासस⁄एएनआई*

# आगलागीमा परी सातको मृत्यु

**सोल–** दक्षिण कोरियाको दक्षिणपूर्वी सहर डेगुमा रहेको एउटा कार्यालय भवनमा भएको आगलागीमा परी सात जनाको मृत्यु भएको छ । उक्त घटनामा अन्य ४६ जना घाइते भएका योन्हाप समाचार समितिले जनाएको छ ।

राजधानी सोलबाट करिब ३०० किलोमिटर दक्षिणमा रहेको डेगुमा सहरमा अवस्थित सात तले कार्यालय भवनमा स्थानीय समयानुसार बिहान १०:५५ बजे आगलागी भएको जनाइएको छ । अन्य दर्जनौं भवनबाट भागेका छन् । घटनास्थलमा करिब ५० दमकल र १६० अग्निनियन्त्रक खटाइएको र २० मिनेटपछि आगो निभाइएको थियो । यस घटनाको अनुसन्धान जारी रहेको जनाइएको छ । *रासस⁄सिन्ह्वा*

## एभरेष्ट बैंक लिमिटेड, विरुवा शाखाको ३५ दिने हकदावी सम्बन्धी सूचना

यस बैंकको विरुवा शाखाका बचत खाता नं ०६३००५०५२००१५० का खातावाला स्याङजा जिल्ला, मनकामना गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भई हाल स्याङजा जिल्ला, विरुवा गाउँपालिका वडा नं. ०८ बस्ने दिल माया गुरुङ को मिति २०७९/०१/०२ गते निधन भएको हुँदा निज मृतक खातावालाका छोरा नेत्र लाल गुरुङले मृतकको खातामा रहेको निक्षेप रकम दिलाई पाउँ भनी यस बैंकको विरुवा शाखामा निवेदन दिएकोले उपरोक्त अनुसारको हकवाला बाहेक बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा १११ बमोजिम अन्य कोही अग्राधिकारवाला हकदारहरूको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो सबुत प्रमाण सहित हक दावी गर्न आउनु होला । अन्यथा उक्त रकम निवेदकलाई भुक्तानी भई जानेछ । रित नपुगी र म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनावाट सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिएको छ ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)
Consistent, Strong & Dependable

**एभरेष्ट बैंक लि.**
**शाखा कार्यालय विरुवा**
**फोन नं: ९८५६०३०१८०**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** SRI MANNJAYA SDN. BHD.

पूर्व स्वीकृति मिति २०७६/०९/२४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२६ | LT. No. :230562 | चलानी नं. ६०१४९८६८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Agricultural Workers | 50 | 0 | 1100 | ३१,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: असार ३ गते (17th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Baby Angel International Pvt. Ltd.** Govt. License 940/067/068
Sinamangal - 9, Kathmandu, Nepal Tel: +977-1-4461353 / 4461179 Fax: +977-1-4461179
E-mail: info@babyangelintl.com.np, babyangelintl@gmail.com, Web : www.babyangelintl.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** JUZUR CANARY RESTAURANT CO. W.L.L.

पूर्व स्वीकृति मिति :२०७८/०६/२० | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०२/२६ | LT No.249384 | चलानी नं. ६०१६६२९२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Kitchen Helper | 22 | 10 | 90 | ३६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार ३ गते (17th June. 2022 )मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-4383350/4382095
Fax No: +977-4383351 Email Id: dubaioverseas2016@gmail.com



## साउदी अरेबियामा रोजगारको अवसर

**कम्पनी:** NUTRITION FOOD SOURCES COMPANY

पूर्व स्वीकृति मिति २०७९/०२/२४ | LT. No.264372 | चलानी नं. ६०१८०५२७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Pick Up Truck Driver | 1 | 0 | 1800 | ५९,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालयमा मिति: असार ३ गते (17th June. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal
Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950
Email: nocnepal@nassers.org



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** AL AHSA GRAND HOTEL

पुर्व स्वीकृति मिति २०७८/१२/२० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२६ | LT. No. 260779 | चलानी नं. ६०१७७१४९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Worker | 3 | 0 | 1200 | ३९,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: असार ३ गते (17th June 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.**
श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648



## MAURITUSमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** GOLDOX CONSTRUCTION LTD.

पूर्व स्वीकृति मिति: २०७९/०२/२६ | LT. No. :264610 | चलानी नं.६०१८०७१२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | MUR | ने.रू. | | | | | | | |
| 1 | Masons G 1 | 43 | 0 | 16393 | ४५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Metal Worker G11 | 33 | 0 | 15665 | ४३,७९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार ३ गते (17th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Best H. R. Solutions Pvt. Ltd.**
श्रम ईजाजत नं. ११९०/०७३/०७४
Tokha-7, Basundhara Kathmandu, Nepal
Tel :+977-1-4389446,4357800
Email: besthrsolutionpvtltd@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** AL OSOOL TRADE REPRESENTATIVES, TRADING & CONTRACTING (W.L.L)

पूर्व स्वीकृति मिति २०७९/०२/२६ | LT. No. 264554 | चलानी नं. ६०१८०६९२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Labourer | 2 | 0 | 1000 | ३४,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: असार ३ गते (17th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ABC PLACEMENTS PVT. LTD**
श्रम ईजाजत नं. 537/061/62
Gaushala-7, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** ASJ COMPONENTS (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०२/२६ | LT. No. 264657 | चलानी नं. ६०१८०७१५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Production Operator. | 100 | 0 | 1500 | ४२,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

**कम्पनी :** WINSON SHOES INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०२/२६ | LT. No. 264658 | चलानी नं. ६०१८०७१४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 22 | 0 | 1500 | ४२,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: असार ३ गते (17th June. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
MINAWA RECRUITMENT HR PVT LTD Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल – डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी – गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं. 9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ९७९०० | प्रति तोला – ९७४०० | प्रति तोला – १२७५ |




पाल्पाको रामपुरमा रासायनिक मलको अभाव र बढ्दो महँगीविरुद्ध अखिल नेपाल किसान महासंघ रामपुर नगर कमिटीले आयोजना गरेको विरोध प्रदर्शन । *तस्बिरः सुशीला रेग्मी/रासस*

# २८४ मेगावाट बिजुली भारत निर्यात

■ **रमेश लम्साल**

**काठमाडौं–** आन्तरिकरूपमा खपत गरेर बढी भएको बिजुली भारत निर्यात हुने क्रम बढ्दै गएको छ । मागभन्दा बढी उत्पादन भएको तथा खपतसमेत हुन नसकेको सन्दर्भमा खेर जाने बिजुली सहजरूपमा बिक्री भइरहेको छ । त्यसले नेपालको बढ्दो व्यापार घाटालाई कम गर्न ऊर्जा क्षेत्र सहायकसिद्ध हुने देखिएको छ ।

नेपाल विद्युत् प्राधिकरणले आजमात्रै मर्स्याङदी र मध्यमर्स्याङदीको बिजुली पनि निर्यात हुने जनाएको छ । भारतमा यतिबेला ऊर्जाको अत्यधिक माग छ । सो माग परिपूर्तिका लागि सामान्यरूपमा नै भए पनि प्राधिकरणले बिजुली निर्यात गरेको हो । त्यसको मात्रामा क्रमशः वृद्धि भएको छ ।

प्राधिकरणले बिहीबार छ हजार ८३१.६ मेगावाट घण्टा बिजुली ऊर्जा निर्यात गर्ने भएको छ । भारतमा सेयरबजारमा जस्तै हरेक १५ मिनेटमा बिजुलीको मूल्य फेरबदल हुने गर्दछ । त्यस आधारमा विभिन्न ९६ ब्लक निधारण गरिन्छ । यस आधारमा प्राधिकरणले निर्यात गरेको बिजुलीको मूल्य प्रतियुनिट १९ रूपैयाँ २० पैसा बराबर पाइने भएको छ ।

भारतको ऊर्जा नियमक निकायले अधिकतम भारु १२ सम्म मात्रै बिजुलीको बिक्री वितरण गर्न पाउने व्यवस्था गरेको छ । प्राधिकरणले औसतमा भारु ६.९९ प्राप्त गरेको छ । मनसुनको समयमा भारतमा अत्यधिक गर्मी हुने र बिजुलीको माग अत्यधिक



हुने भएकाले बिजुली उपलब्ध भएको अवस्थामा आवश्यकताका आधारमा निर्यात हुनसक्ने अवस्था छ । त्यस आधारमा प्राधिकरणले कूल सात करोड युनिट बराबर बिजुली निर्यात गर्ने भएको छ ।

प्राधिकरणले मनसुनका छ महिनामा मात्रै कूल रु २५ अर्ब बराबरको बिजुली निर्यात गर्ने लक्ष्य राखेको छ । सोही आधारमा आज कूल २८४ मेगावाट बराबर बिजुली निर्यात हुनेछ । प्राधिकरणका अनुसार त्रिशूली जलविद्युत् आयोजनाको ५५३.६ मेगावाट घण्टा, देवीघाटको ३४५.५ मेगावाट घण्टा, कालीगण्डकी 'ए'को तीन हजार ३३४ मेगावाट घण्टा, मर्स्याङदीको एक हजार ५९५ मेगावाट घण्टा र मध्यमर्स्याङदीको एक हजार तीन दशमलव पाँच मेगावाट घण्टा बराबरको बिजुली निर्यात हुनेछ ।

इनर्जी एक्सचेञ्ज मार्केटमा प्रतियुनिट कूल भारु १२ बराबरको उपलब्ध हुनेछ । त्यस्तै औसतमा कूल भारु ६.९९ र न्यूनतम भारु २.४९९ मा बिक्री हुनेछ । गत चैतमा प्रधानमन्त्री शेरबहादुर देउवाले गरेको भारत भ्रमणका क्रममा कूल ३६४ मेगावाट बराबरको बिजुली निर्यात गर्ने गरी सहमति भएको थियो । सोही आधारमा प्राधिकरणले २०० मेगावाट बराबरको बिजुली खुला बजारमा समेत बिक्री गर्ने तयारी गरेको छ । त्यसका लागि एनभिभीएनलगायतका कम्पनी छनोट भइसकेका छन् ।

मुलुकको प्रणालीमा कूल दुई हजार ३०० मेगावाट बराबरको जडित क्षमता पुगेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार हाल कूल आन्तरिक माग एक हजार ६३३ मेगावाट बराबर छ । प्रणालीमा लगातार बिजुली थप भइरहेको छ ।

चालु आवमा कूल ६२१ मेगावाट बिजुली थप भएको छ । केही आयोजनाबाट बिजुली थपिने क्रममा नै छ । आगामी आवमा कूल ७०० मेगावाट बढी बिजुली थप हुने सरकारले प्रक्षेपण गरेको छ । हाल प्रणालीमा प्राधिकरणको १० हजार ६७७ मेगावाट घण्टा, प्राधिकरणका सहायक कम्पनीबाट ११ हजार २५१ मेगावाट घण्टा, निजी क्षेत्रका आयोजनाबाट १४ हजार ९२२ मेगावाट घण्टा बिजुली उपलब्ध छ ।

भारततर्फ बिजुली निर्यातको मात्रा बढेपछि टनकपुर बिन्दुबाट भने दुई हजार ८६ मेगावाट घण्टा बराबरको बिजुली आयात भइरहेको छ । पूर्वको बिजुली पश्चिम पठाउने प्रसारण लाइनको क्षमता नभएका कारणले गर्दा टनकपुरबाट बिजुली आयात गर्नु परिरहेको छ ।

पश्चिम क्षेत्रमा ठूला जलविद्युत् आयोजना नभएकाले त्यहाँको आन्तरिक माग धान्नका लागि पनि बिजुली आयात गर्नु परिरहेको छ । प्राधिकरणले कूल ८७ मेगावाट बिजुली आयात गरिरहेको छ । त्यसलाई बर्षाको समयमा रोक्नका लागि पनि पूर्वको बिजुली पश्चिम पठाउने प्रसारण लाइन निर्माणमा भइरहेको अवरोध हट्नु पर्छ ।

नवलपरासीको दुम्कीबासमा दुईवटा टावर निर्माणमा स्थानीयले अवरोध गरेका कारण विगत १२ वर्षदेखि निर्माण सम्पन्न हुनसकेको छैन । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले लगातार प्रयास गरे पनि सर्वोच्च अदालतले आवश्यक फैसला नगरिदिँदा प्रसारण लाइन निर्माण हुनसकेको छैन । *रासस*

# करोडभन्दा माथिको घर जग्गा किन्नेको विवरण माग

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** देशभर घरजग्गाको मूल्यमा अत्यधिक रूपमा बृद्धि भएसंगै सो कारोबारमा कालोधन प्रयोग भएको हुनसक्ने भनी १ करोडभन्दा माथीको घरजग्गा किन्नेको विवरण सरकारले सम्बन्धित निकायसँग माग गरेको छ ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागले जग्गा व्यवसायीसँग १ करोडभन्दा बढी मूल्यको घरजग्गा किन्नेको विवरण मागेको हो । विभागले घरजग्गा व्यवसायीलाई निर्देशन जारी गर्दै एक करोड वा सोभन्दा बढीको घर जग्गा किनबेच गर्नेको विवरण विभागले तोकेको ढाँचामा सम्बन्धित मालपोत कार्यालयमा बुझाउन निर्देशन दिएको छ । शंकास्पद कारोबारको विवरण नेपाल राष्ट्र बैंकमा रहेको वित्तीय जानकारी एकाइमा तोकिएको ढाँचा, माध्यम र समयमा बुझाउन निर्देशन दिएको छ ।

कालोधनलाई सेतो बनाउन घरजग्गा क्षेत्रमा प्रयोग भइरहेको भनी सूचना प्राप्त भएपछि सो विवरण बुझाउन निर्देशन दिएको हो । विभागले जनाएको छ । सरकारको सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी राष्ट्रिय जोखिम मूल्याङकन प्रतिवेदनले घरजग्गा क्षेत्रलाई उच्च रूपमा सम्पत्ति शुद्धीकरण हुन सक्ने क्षेत्र औंल्याएको छ ।

यस सम्बन्धी नेपालको अन्तर्राष्ट्रिय पारस्परिक मूल्याङकन पनि भइरहेको सन्दर्भमा घरजग्गा कारोबारीलाई कारोबारको विवरण नियमित रूपमा बुझाउन विभागले निर्देशन दिएको हो । विभागका अनुसार जोखिमका आधारमा घरजग्गा कारोबारीमाथि निरीक्षण, सुपरिवेक्षण र अनुगमन गर्ने समेत जनाएको छ । सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ बमोजिम काम नगर्ने व्यवसायीलाई कानून बमोजिम कारबाही अघि बढाउने पनि विभागले चेताबनी दिएको छ ।

राष्ट्र बैंकको घरजग्गा मूल्य सर्वेक्षण प्रतिवेदन, २०७८ ले आर्थिक वर्ष २०७६/७७ मा जग्गाको वार्षिक औसत मूल्यवृद्धि २७ दशमलव ७ प्रतिशत देखाएको थियो । यो प्रतिवेदनले करीब साढे तीन वर्षमै जग्गाको मूल्य दोब्बर हुने गरेको देखाएको थियो । घरजग्गाको कारोबार तीन वर्षमै मूल्य दोब्बर भएको प्रतिवेदनले देखाएको छ । उपत्यकाको चक्रपथभित्र त जग्गाको मूल्य बिक्रेताको मुखबोली अनुसार हुदै आएको छ ।

प्रमुख व्यापारिक केन्द्र दरबारमार्गमा प्रति आनाकै ९ करोड रूपैयाँभन्दा बढीमा जग्गा किनबेच भैरहेको छ । सहरभित्र चल्तीका व्यापारिक ठाउँमा जग्गाको मूल्य आनाकै एक करोड रूपैयाँमा बिक्री हुदै आएको छ । सरकारी मूल्याङकनमा सर्वाधिक महँगो दरमा दरबारमार्ग, न्युरोडको जग्गा प्रति आना ६६ लाख रूपैयाँ तोकिए पनि ती क्षेत्रमा निधारित मूल्यको कैयौं गुणा बढी मूल्यमा किनबेच हुने गरेको छ ।

बिक्रेताले जति महँगोमा जग्गा बिक्री गर्न सक्यो, वरिपरिका क्षेत्रको भाउ पनि सोही अनुसार निर्धारण हुने परिपाटी अहिले उपत्यकाभित्र चलेको छ । उपत्यका बाहिर पोखरा, चितवन, बिर्तामोड, विराटनगर, इटहरी, धरान, हेटौंडा, भैरहवा, बुटवल, नेपालगञ्ज, धनगढी जस्ता सहरको जग्गाको मूल्य आकाशिँदै गएको छ । जग्गामा अकुत नाफा कमाइने लोभले हातमा पैसा भएकाहरूले जग्गामै रकम खर्च गर्न थालेपछि घरजग्गाको मूल्य नियन्त्रण बाहिर गएको छ ।

माग बढेसँगै घरजग्गाको कारोबार नयाँ धन्दाका रूपमा स्थापित भएपछि सो कारोबारमा अबैधधन्दाको प्रयोग समेत हुने गरेको पाईएको छ । यस्तो धन्दाले घरजग्गाको मूल्य अझ चर्काउँदै लगेको छ । आवासीय प्रयोजनभन्दा पनि जग्गाको द्रुत किनबेच मार्फत ठूलो नाफा कुम्ल्याउने सट्टेबाजीले जग्गाको मूल्य सर्वत्र बढाउँदै लगेको जानकारहरूको भनाइ रहेको छ । लोभमा नेपाली सेना समेत जग्गा कारोबारमा जोडिएको भेटिएको छ ।

सेनाले काठमाडौंको कीर्तिपुर, भक्तपुर, सुनसरी, कास्की, चितवन आदि स्थानमा जग्गा किनेर 'प्लटिङ' गर्दै जग्गा बेच्ने अभ्यास गर्दै आएको छ । औपचारिक कम्पनी मार्फत कारोबार गर्न नपर्ने भएकाले पनि रकम हुनेहरू यस्तो कारोबारमा होमिन सजिलो भएको हो । जग्गाको बेथिति कतिसम्म झाँगिएको छ भने, कुनै ठूला पूर्वाधार परियोजना बन्न लागेको सूचना हुने सरकारी अधिकारी र बिचौलियाले उक्त क्षेत्र वरिपरि शुरूमै जग्गा किनेर राखेका अनेकौं उदाहरण छन् ।

## सहकारीको कर प्रस्ताव हटाउन माग

**काठमाडौं (प्रस)–** आगामी आर्थिक वर्षको बजेटमा सहकारी क्षेत्रलाई कर वृद्धिको प्रस्ताव गरिएकामा सरोकारवाला निकाय एवं अधिकारीहरूले हटाउनुपर्नेमा जोड दिएका छन् । सहकारी विभाग र नेपाल सहकारी पत्रकार समाजले बिहीबार आयोजना गरेको 'बजेटमा सहकारी कार्यान्वयन चुनौती' विषयक कार्यक्रमका वक्ताले अरु क्षेत्रमा करको दर घटाइँदा सहकारी क्षेत्रमा भने वृद्धि गरिएकामा आपत्ति जनाएका हुन् ।

# फेरि घट्यो नेप्से

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** धितोपत्र बजारमा बुधबार भएको हरियाली एक दिन पनि टिक्न सकेन । आगामी आर्थिक वर्षको बजेट सार्वजनिक भएपछि लगातार ओरालो लागेको नेप्से परिसूचक बुधबार भने उच्च अंकले उकालो लागेको थियो । तर, बिहीबार भने नेप्से परिसूचक दोहोरो अंकले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १७.६४ अंकले ओरालो लागेर दुई हजार ६२.८० मा ओर्लेको छ । त्यस्तै, ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ४.०१ अंकले घटेर ३९६.३६ मा ओर्लेको छ ।

कूल २२९ कम्पनीको ४१ लाख ५६ हजार १०४ कित्ता सेयर रु एक अर्ब ४७ करोड २६ लाख ९० हजार ५५४ मूल्यमा खरिद बिक्री भए । बिहीबारको कारोबारपछि बजार पुँजीकरण रु २९ खर्ब ३८ अर्ब ४४ करोड ७८ लाख ७० हजार बराबर भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये बिहीबार व्यापार उपसमूहको सेयर मूल्य उकालो लागेको छ भने बाँकी रहेको १२ उपसमूहको सेयर मूल्य भने ओरालो लागेको छ । व्यापार २.०६ अंकले उकालो लाग्दा बैंकिङ ५.७३, होटल तथा पर्यटन ३९.७१, विकास बैंक ७३.५४, जलविद्युत् ४०.५४, वित्त ३५.९८, निर्जीवन बीमा ६८.२, उत्पादन ४२.६१, अन्य २४.६४, जीवन बीमा २१.३, सामूहिक लगानी कोष ०.०६ र लगानी ०.५ अंकले ओरालो लाग्यो ।

नेप्सेका अनुसार कारोबारका आधारमा बिहीबार कुमारी बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु छ करोड ७४ लाख ६९ हजार ३०१ बराबरको कारोबार भयो । हिमालयन डिस्टिलरी रु चार करोड ३२ लाख २२ हजार, अरुण काबेली पावर कम्पनी रु तीन करोड ९८ लाख ९२ हजार ११०, एशियन लाइफ इन्स्योरेन्स रु तनि करोड ९८ लाख ८० हजार ८९३ र नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको रु तीन करोड ९५ लाख ७२ हजार ९६२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार उपकार लघुवित्त र बलेफी हाइड्रोपावरको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो । त्यस्तै, एनएमबी ५० को ५.२९, मिथिला लघुवित्त ३.९५ र आरबीबी म्युचुअल फण्ड एकका लगानीकर्ताले ३.९२ प्रतिशतले कमाएका छन् । नेपाल इन्भेस्टमेन्ट बैंकको संस्थापक सेयर ६.६१, सिंगटी हाइड्रो ५.३४, समिट लघुवित्त ५.०३, इमर्जिङ नेपाल ४.३४ र लुम्बिनी विकास बैंकका लगानीकर्ताले ४.३० प्रतिशतले गुमाएका छन् ।

# मौद्रिक नीतिको सीमामा परिवर्तन गर्दै राष्ट्र बैंक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अर्थमन्त्री जनार्दन शर्मा र नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीबीच लामो समयसम्म चलेको टकराबव बुधबारदेखि केही कमी आएको छ । अर्थ मन्त्रालयमा गभर्नर अधिकारी र अर्थमन्त्री शर्माबीच बोलचाल भएपछि मौद्रिक नीतिमा केही परिवर्तन गरिने भएको छ ।

राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिमार्फत सेयर धितोकर्जाको सीमामा केही परिवर्तन गर्न लागेको जनाएको छ । राष्ट्र बैंकले आगामी मौद्रिक नीतिले सेयर धितोकर्जामा लाग्दै




आएको चार करोडको सीमालाई हटाउने समेत तयारी गरेको छ ।

राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत सेयर धितो कर्जाको सिंगल अब्लिगर लिमिट एउटा बैंकबाट ४ करोड गरेर बढीमा १२ करोड रूपैयाँसम्म लिन पाउने व्यवस्था गरेको थियो । तर, आगामी दिनमा सेयर धितोकर्जाको अधिकतम १२ करोड रूपैयाँको सीमालाई यथावत राख्दै ४ करोड रूपैयाँको सीमालाई भने हटाउने भएको स्रोतको भनाइ रहेको छ । अहिले लगानीकर्ताले एउटा बैंकबाट ४ करोड र सबैबाट गरी बढीमा १२ करोड रूपैयाँ लिन पाउने सीमा पुरै हटाउन माग गरेपछि सो परिवर्तन गर्नलागेको बैंक स्रोतले जनाएको छ ।

पछिल्लो समय अर्थमन्त्री शर्मालगायतले राष्ट्र बैंककै कारण सेयर बजारमा गिरावट आएको निष्कर्षसहित राष्ट्र बैंकको मौजुदा नीतिमा सुधार गर्नुपर्ने बताउँदै आएका थिए । अहिलेको अवस्थामा सेयर धितोकर्जाको १२ करोडको सीमा हटाउँदा समग्र अर्थतन्त्रमै दवाब पर्ने भएकाले उक्त सीमा भने नहटाईने राष्ट्र बैंक स्रोतले जानकारी दिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१–४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गाबहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ